# अध्याय एक : शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा भनेको मानवीय उच्चारण अवयवद्वारा उच्चारित, सार्थक मानवीय व्यावहारको माध्यम, परम्परित सम्पत्ति हो भनेर चिन्न सकिन्छ । नेपाली भाषा पाठ्यपुस्तकको निर्माणमा भाषिक क्षमताको महत्त्वपूर्ण स्थान रहन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सम्बन्धी सीपहरूमा सक्षमता हासिल हुनु नै भाषिक क्षमता हो । यस सन्दर्भमा अभ्यास खण्डको महत्त्वपूर्ण स्थान हुन्छ । विद्यालय तहको पठनपाठन कार्यमा नेपाली भाषाशिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको छ । विद्यालयमा प्रारम्भिक तहदेखि नै अनिवार्य रूपमा अध्यापन हुँदै आएको यो विषयको शिक्षण प्रभावकारी एवम् व्यावहारिक हुनुपर्दछ । परम्परादेखि नै नेपाली भाषा सम्पूर्ण नेपालीहरूको साझा भाषाको रूपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री हुनु पर्दछ । पाठ्यपुस्तकमा विधागत वर्गीकरण, भाषा, अभ्यास आदिको सन्तुलित संयोजन भएन भने पाठ्यक्रमले निर्धारण गरेका उदेश्यहरूको प्राप्ति सम्भव हुँदैन । अझ भाषा प्रयोग र अभ्यासबाटै सिकिने र परिस्कृत प्राप्त गरिने हुँदा पाठ्यपुस्तकमा दिइएका अभ्यासहरू विशिष्ट र व्यावहारिक हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको उपयोग, वाक्यसंरचना, भाषिक सीप र शैली विकासका लागि सिर्जनात्मक अभ्यासले महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषा पाठ्यपुस्तकको विशिष्टता त्यसमा प्रयुक्त अभ्यासहरूका स्तरबाट पहिचान गर्न सकिन्छ । सिर्जनात्मक अभ्यास कक्षाको वातावरण, स्तर अनुसार मूल पाठसँग मिल्दो हुनुका साथै विद्यार्थीहरूमा भाषाका विविध सीप र शैलीको विकास गर्न सक्ने खालका हुनुपर्दछ । अभ्यासहरू भाषिक सीप केन्द्रित हुनकासाथै सिर्जनात्मक पनि हुनु पर्दछ (ढुङ्गेल र दाहाल ०५६:६६) ।

पाठ्यपुस्तकमा पाठहरू भाषिक सीप प्राप्त गर्ने आधार सामग्री हुन् भने अभ्यासहरू ती सीप तथा सिकाइको सवलीकरण गर्ने माध्यम हुन् । विधागत पाठअनुसार सिर्जनात्मक अभ्यासको निर्धारण गरिने हुँदा तिनको निरन्तर अध्ययन र खोजी हुने साथै तिनमा भएका कमजोरी पहिल्याउन सकिने हुँदा पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासको महत्त्वपूर्ण स्थान रहन्छ । अन्य पाठ्यपुस्तकका सिर्जनात्मक अभ्यासले सिकाइलाई रोचक र प्रभावकारी रूपमा सञ्चालन गर्न तथा भाषिक सीपको विकास गर्न मद्दत पुऱ्याउँछन् । भाषामा निरन्तर अभ्यास तथा पुरावृत्तिले मात्र भाषिक सीपलाई व्यावहारमा अभ्यस्त बनाउन सकिन्छ । भाषा सिकाइ बीचैमा हट्न गयो भने भाषिक सीपलाई सवल तुल्याउन सकिँदैन । सिकाइको गहिराइ र बौद्धिक स्तर वृद्धि गर्न निरन्तर रूपमा अभ्यास तथा पुरावृत्ति आवश्यक पर्दछ । भाषिक सीपको विकास अभ्यासबाटै

सम्भव हुने भएकाले भाषा सिकाइलाई अर्थपूर्ण बनाउनका लागि पाठ्यपुस्तकमा समावेस गरिएका सिर्जनात्मक अभ्यासमा ध्यान दिनु उचित देखिन्छ ।

विद्यार्थीको सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्नका लागि सिर्जनात्मक अभ्यास ज्ञानात्मक, बोधात्मक, प्रयोगात्मक तथा उच्च दक्षताको मूल्याङ्कनसँग जोडिएको विषय हो । यसका माध्यमबाट विद्यार्थीहरूमा अभ्यासात्मक कार्यकलापलाई प्रोत्साहित गर्ने, प्रकार्यात्मक वा सम्प्रेषणात्मक सान्दर्भिक शिक्षण गर्न व्यावहारिक ज्ञान र सीपको कुलशता प्राप्त गर्न सघाउँछ । भाषा र भाषिक सीपलाई स्थायित्व प्रदान गर्न तथा मूल्याङ्कनका लागि आवश्यक आधार दिन सिकारूको रूचि र स्तर अनुसार सिकाइमा सहजता ल्याउन सिर्जनात्मक अभ्यास उचित हुने देखिन्छ । भाषापाठ्यपुस्तक स्तरीय र प्रयोगमूलक बनाउनका लागि पाठ्यपुस्तकमा राखिएका सिर्जनात्मक अभ्यास शिक्षकले कसरी शिक्षण गर्ने, विद्यार्थीहरूलाई के कस्ता सिकाइ कार्यकलापहरूमा सहभागी बनाउने भन्ने कुरा पाठ्यक्रमले निर्देश गरेको हुनु पर्दछ । तसर्थ भाषापाठ्पुस्तकमा पाठ्यक्रम अनुरूपको सिर्जनात्मक अभ्यास महत्त्वपूर्ण हुने देखिन्छ । पाठ्यक्रमले निर्देश गरे अनुरूपका सिकाइ उपलब्धि हासिल गर्न, साथै पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई परिस्कृत र परिमार्जित गर्दै लैजानका निम्ति यस 'कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यास खण्डको अभ्ययन' समुचित हुने देखिन्छ ।

प्रस्तुत अभ्ययनमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त सिर्जनात्मक अभ्यासलाई मुख्य विषयवस्तु बनाइने छ । यस अध्ययनले भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई थप परिस्कृत तथा परिमार्जित गर्दै लैजाने देखिन्छ । त्यसैगरी शिक्षक, विद्यार्थी र अन्य अध्ययेताको लागि अध्ययनको निष्कर्ष उपयोगी हुने देखिन्छ ।

## १.२ समस्या कथन

प्रस्तुत अध्ययनमा निम्न समस्यामा केन्द्रित रहेको छ :-

क) कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरूको सुसिक्यता के-कस्तो रहेको छ ?

ख) सिर्जनात्मक अभ्यासहरू छनोट गरिएका विधागत पाठ अनुरूप छन्/छैनन् ?

ग) सिर्जनात्मक अभ्यासहरू भाषिक सीपका आधारमा समावेस गरिएका छन्/छैनन् ?

घ) आवश्यक सुधारका लागि के-कस्ता सुझावहरू प्रस्तुत गर्न सकिन्छ ?

### १.३ अध्ययनको औचित्य र महत्त्व

भाषाशिक्षण भाषाका सीपहरूको शिक्षण हो (शर्मा र अधिकारी, २०६१ : ३) । विचार विनियमको माध्यमका रूपमा भाषाको व्यवहार गरिन्छ । भाषा शिक्षणको उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सीपको विकास गराउनु हो । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गरी भाषिक सीप र कलाको निपूर्णता नै अभीष्ट हो (शर्मा र पौडेल, २०६० : २६९) । त्यसैले भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमले निर्माण गरेका उद्देश्यहरू पूर्ति गर्ने खालका सामग्रीहरूको संयोजनमा सावधानी अपनाउनु पर्ने देखिन्छ । भाषा अभ्यास पुनरानवृत्ति तथा सिर्जनात्मक अभ्यासबाट सिकिने भएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरू भाषिक सीप विकासका लागि उपयुक्त छन् वा छैनन् ? तिनीहरूको पाठ्यक्रमसँग कस्तो संगति छ ? भन्ने कुराको अध्ययन महत्त्पूर्ण हुने देखिन्छ ।

भाषा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको अध्ययन सम्बन्धी भाएका विभिन्न अध्ययनबाट यो क्षेत्र शोधकार्यका लागि आकर्षक रहेको देखिन्छ । यस्ता अध्ययनबाट पाठ्यक्रम, पाठ्यपुस्तकको विकासमा महत्त्पूर्ण योगदान पुग्ने देखिन्छ । प्रस्तुत “नेपाली भाषा पाठ्यपुस्तकका सिर्जनात्मक अभ्यासको अध्ययन” शीर्षकको शोधकार्यबाट सम्बन्धित पाठ्यक्रमको उद्देश्यका सापेक्षतामा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको अध्ययन गरी नयाँ क्षेत्रमा खोजपूर्ण जानकारी प्राप्त हुन्छ साथै यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा दिइएका सिर्जनात्मक अभ्यासहरूका प्रस्तुतिमा देखिएका कमजोरीहरू औंल्याउने भएकाले नयाँ पाठ्यपुस्तक निर्माण गर्दा ती कमीकमजोरीहरू सुधार्न मार्ग प्रशस्त हुन्छ । यस शोधकार्यमा सिर्जनात्मक अभ्यासलाई सीपगत र कक्षागत आधारमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ । यसबाट शिक्षक तथा विद्यार्थीले केकस्ता भाषिक सीपका लागि कुनकुन सिर्जनात्मक अभ्यास र कार्यलाई कति महत्त्व दिनुपर्छ भन्ने कुरा थाहा पाउन मद्दत मिल्दछ । शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया बढाउन आवश्यक कार्यकलाप गर्न समेत मद्दत मिल्ने देखिन्छ ।

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त सिर्जनात्मक अभ्यासको अध्ययन गरी यसका सकारात्मक र कमजोर पक्षहरू पहिचान गरी निष्कर्ष तथा सुझाव प्रदान गरिने छ । यस क्रममा यस्ता अभ्यास खण्डको वर्गीकरण, ज्ञान, बोध, प्रयोग क्षेत्रका सीपगत पक्षको अध्ययन गरिने भएकाले शिक्षण सिकाई प्रक्रियामा प्रत्यक्ष र परोक्षरूपमा सम्लग्न शिक्षक, विद्यार्थी, पाठ्क्रमविद्, पाठ्यपुस्तक लेखक, अनुसन्धानकर्ता, समालोचक पक्षलाई सहयोगी सिद्ध हुनेभएकाले समग्र अध्ययन औचित्यपूर्ण र महत्त्पूर्ण हुने देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) पाठ्यपुस्तकमा दिएका सिर्जनात्मक अभ्यासहरूको वर्गीकरण गर्नु,

ख) सिर्जनात्मक अभ्यासको छनोट गरिएका विधाका पाठ अनुरूपताका दृष्टिले अध्ययन गर्नु,

ग) भाषिक सीप विकासका दृष्टिले सिर्जनात्मक अभ्यासहरूको अध्ययन गर्नु,

घ) सिर्जनात्मक अभ्यासहरूका कमी कमजोरी पहिचान गरी आवश्यक सुझावहरू प्रस्तुत गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनलाई निम्न लिखित सीमामा सिमाबद्ध गरिएको छ :

क) प्रस्तुत अध्ययन कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेस सिर्जनात्मक अभ्यासको अध्ययन,

ख) पाठ्यपुस्तमा छनोट गरिएका विधाका पाठ अनुरूपताका दृष्टिले अध्ययन,

ग) भाषिक सीप विकासका दृष्टिले सिर्जनात्मक अभ्यास खण्डको,

घ) कमी कमजोरी पहिचान गरी आवश्यक सुझाव पेस ।

## १.६ पारिभाषिक शब्द

प्रस्तुत शोध अध्ययनमा निम्नलिखित पारिभाषिक शब्दहरुको प्रयोग गरिएको छ र तिनलाई यसप्रकार बुझ्नु पर्दछ :-

- विद्यालय : सामुदायिक र संस्थागत स्कुललाई बुझ्नुपर्दछ ।
- विद्यार्थी : उल्लिखित विद्यालयका नमूनाको रूपमा छनोट गरिएका विद्यार्थी बुझ्नुपर्दछ ।
- शिक्षक : यस शोध अध्ययनमा छनोट गरिएका विद्यालयका नेपाली भाषा शिक्षक बुझ्नुपर्दछ ।
- पाठ्यपुस्तक : कक्षा ६ को नेपाली पुस्तक भन्ने बुझ्नुपर्दछ ।
- सिर्जनात्मक अभ्यास : भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को उपयुक्तता निरूपण गर्न केन्द्रित रहने खण्ड बुझ्नु पर्दछ ।

# अध्याय दुई : पूर्वकार्यको समीक्षा र धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

यो अध्ययन नेपाली भाषा र भाषिक सीप विकासका दृष्टिले प्रयुक्त सिर्जनात्मक अभ्यास खण्डको अध्ययनमा केन्द्रित छ । विभिन्न तहका नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र ती पाठ्यपुस्तकमा समावेस गरिएका सिर्जनात्मक अभ्यासको अध्ययनलाई अनुसन्धानको महत्त्वपूर्ण क्षेत्रको रुपमा लिइन्छ । प्रस्तुत शीर्षकका लागि सहयोगी सिद्ध हुने पूर्वकार्यको समीक्षा यहाँ गरिएको छ :

अर्याल (२०५९) द्वारा 'कक्षा ९ को नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन' शीर्षकमा शोधपत्र गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा ९ को वर्तमान नेपाली पाठ्यपुस्तकमा दिइएका नमूना अभ्यासको सबल र दुर्बल पक्षको पहिचान गर्नु साथै नमुना अभ्यासको वर्गीकरण गर्नु रहेको छ । वर्णनात्मक ढाँचामा गरिएको उक्त अध्ययनले नेपाली भाषाशिक्षणका लागि राखिएका नमुना अभ्यासहरु विद्यार्थी र शिक्षकका लागि उपयुक्त वा वैज्ञानिक रहेको पाठ्यपुस्तकमा सीप पक्षलाई बढी महत्त्व दिएको भएता पनि बोधात्मक, सिर्जनात्मक अभ्यासहरु असन्तुलित नररहेको निष्कर्ष निकालेको छ । यो शोधकार्य त्यति स्तर युक्त छैन । यति हुँदाहुदै पनि शोधाकार्यको संरचनागत प्रस्तुति भने उपयुक्त देखिन्छ ।

सुडौला (२०६०) द्वारा 'कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उनले यस शोधकार्यमा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा विश्लेषणात्मक अध्ययन गर्नु, भाषिक सीपका आधारमा ती प्रश्नहरूलाई वर्गीकरण गर्नु र नमुना अभ्यासमा रहेका सबल र दुर्बल पक्ष केलाई आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखेका छन् । वर्णनात्मक विश्लेषणात्मक एवम् पुस्तकालयीय अध्ययन विधिमा आधारित उनको यस शोध कार्यमा प्रश्नको निर्माणमा व्यवहारिक सन्तुलन नमिलाइएको विधागत रूपमा लिइएका बोधात्मक प्रश्नहरू प्रयोगात्मक र सिर्जनात्मक पक्षको सन्तुलन नपाइएको, स्तर अनुरूप कक्षामा वर्णविन्यासका उदाहरण र अध्यास अधुरो र अपुरो देखिने र अभ्यास तथा पुनरावृत्तिको आवश्यकता अनुरूप अभ्यासको श्रृङ्खला प्रत्येक कक्षामा दोहोरिएको जस्ता निष्कर्ष निकालिएको छ । सुडौलाको यो अध्ययन पूर्ववर्ति अध्ययन भन्दा खासै नवीन भने छैन ।

पाण्डे (२०६२) द्वारा 'कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण गरिएको छ । पाठ्यक्रम अनुरूपताको अध्ययन' शीर्षकमा विविध दृष्टिकोणले कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको समाविष्ट नमुना अभ्यासको विवेचना गर्नु,

निर्दिष्ट आधारमा उक्त पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण गर्नु, उक्त अभ्यासहरूको पाठ्यक्रम अनुरूपताको स्थिति केलाउनु, समावेसात्मक दृष्टिकोणले उक्त अभ्यासहरूको समीक्षा गर्नु, अध्ययनबाट प्राप्त तथ्यका आधारमा अभ्यासका कमजोरीहरू सुधारका लागि सुझाव पेश गर्नु, जस्ता उद्देश्य राखेका छन् । वर्णनात्मक, विश्लेषणात्मक एवम् पुस्तकालीय अध्ययन विधिमा आधारित उनको यस शोध कार्यमा पढाइ सीप अन्तर्गतका लिखित सामग्रीलाई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न सक्ने पूर्तिका लागि विभिन्न विधासम्वद्ध सस्वर वाचन गर्ने, पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्नसक्ने, शब्दको वाक्यमा प्रयोग गर्न सक्ने, शब्दार्थ र शब्दभण्डार सम्बन्धी विभिन्न अभ्यास समावेस गरिएको, लेखाइ सीप सम्बद्ध उद्देश्य हिज्जे र वाक्य गठन मिलाइ सफा र शुद्ध लेख्न सक्ने गराउनुका लागि पाठ्यपुस्तकमा समाविष्ट व्यवहारिक सीपवद्ध व्याकरण अभ्यासले सहयोग पुऱ्याउने, श्रुतिलेखन, अनुलेखन, सारांश लेखन जस्ता अभ्यासहरूले पनि पाठ्यक्रम सम्वद्ध उद्देश्य पूर्ति हुन सक्नु, अभ्यासमा शिक्षक तथा विद्यार्थीका लागि प्रसस्त निर्देशहरू नदिइएकाले कतिपय स्थितिमा अन्योल हुन सक्ने, नमुना अभ्यासहरू विद्यार्थीको औषत क्षमता भन्दा बढी स्तरीय रहेका, समावेसात्मक दृष्टिले नमुना अभ्यासहरू अपूर्ण रहेका क्रियाकलापमुखी अभ्यासहरूको संयोजनमा ध्यान दिनुपर्ने अभ्यासको संयोजन विधा र पाठ अनुरूप हुनुपर्ने जस्ता निष्कर्ष निकालिको छ । यस अध्ययनका लागि यस शोध कार्यले सैद्धान्तिक एवम् विश्लेषणात्मक सहयोग पुऱ्याएको देखिन्छ ।

भण्डारी (२०६३) द्वारा 'कक्षा चारको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्यय' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा चारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्क्रम अनुरुपताको स्थिति केलाउनु रहेको छ । पुस्तककालयीय विधिमा केन्द्रित रहेर तयार पारिएको उक्त शोधकार्यले अभ्यासका अधिकांश समस्याहरु शब्दभण्डारमा आधारित रहेर निर्माण गरिएको, अभ्यासमा दिइएका प्रश्नहरु स्तर अनुकुल र पाठसँग सम्बन्धित नै रहेको भएता पनि विद्यार्थीहरुमा सिर्जनात्मक क्षमताको विकास गर्ने खालका सरल अभ्यासको कमी रहेको कुरा देखिएको छ ।

यस अध्ययनका लागि यस शोधकार्यले सैद्धान्तिक एवम् सिर्जनात्मक क्षमताको विकासमा सहयोग पुऱ्याएकै देखिन्छ ।

काफ्ले (२०६५) द्वारा 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनको उद्देश्य छनोट र स्तरणका दृष्टिले पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास भित्रका व्याकरणको विश्लेषणत्मक अध्ययन गर्नु रहेको छ । पुस्तकालयीयले नमुना अभ्यासमा ब्याकरणलाई पनि महत्त्वपूर्ण स्थान दिइनुपर्दछ, त्यसका

लागि व्याकरण अभ्यास पर्याप्त रुपमा सैद्धान्तिकभन्दा प्रयोगात्मक हुनु आवश्यक छ भन्ने निष्कर्ष निकालिएको भएतापनि विधागत क्रम र व्याकरणगत क्रमबीच तालमेल नभएको कुरा देखिएको छ ।

अधिकारी (२०६५) द्वारा 'प्राथमिक तह कक्षा तीनको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अअध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनको उद्देश्य कक्षा तीनको मेरो नेपाली किताबमा प्रयोग गरिएका नमुना अभ्यासको वर्गीकरण गर्नु र वर्गीकृत प्रश्नहरुको विश्लेषण गर्नु रहेको छ । पुस्तकालयीय विधिमा केन्द्रित रहेर तयार पारिएको यस शोधकार्यले पाठ्यक्रममा बोलाई सीप अन्तर्गत शुद्ध उच्चारण गरी बोल्ने, जाने सुनेका सरल कविता र कथाहरु उचित हाउभाउका साथ शुद्धसँग वाचन गर्नसक्ने बनाउने उद्देश्य राखेको भएतापनि पाठ्यपुस्तकमा समावेस गरिएका अभ्यासहरु सन्तुलित र पर्याप्त नरहेको देखिन्छ । यस शोधकार्य त्यति गुणात्मक छैन । यति हुँदाहुँदै पनि शोधकार्यको संरचनागत प्रस्तुति भने उपयुक्त नै देखिन्छ ।

खतिवडा (२०६६) द्वारा 'कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमूना अभ्यासहरुको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनको उद्देश्य कक्षा १० को नेपाली पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासभित्र रहेका सबल र दुर्बल पक्षको पहिचान गर्नुका साथै वर्गीकरण गर्नु रहेको छ । यस शोधकार्य पुस्तकालयीय विधिमा आधारित रही तयार पारिको छ । यस शोधकार्यले नमुना अभ्यासलाई व्यवहारिक बनाउने प्रयास गरिएको व्याकरण तथा शब्दभण्डारका अभ्यासलाई आगमन विधिबाट सिकाउने प्रयास गरिएको भएतापनि कथा निबन्ध र जीवनी विधामा प्रयोगात्मक प्रश्नको सङ्ख्या न्यून रहेको देखिन्छ । जसबाट विद्यार्थीको व्यावहारिक सीप प्राप्त गर्न कठिन हुने देखिन्छ ।

तिवारी (२०६८) द्वारा 'कक्षा ११ को सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरेका छन् । यसमा उनले स्तर अनुरुपताका दृष्टिले व्याकरणात्मक अभ्यासको अध्ययन, व्याकरणात्मक अभ्यासको प्रस्तुतिगत उपयुक्ताको अध्ययन, व्याकरणात्मक अभ्यासमा देखिएका सबल र दुर्बल पक्षको अध्ययनलाई उद्देश्यका रुपमा प्रस्तुती गरेका छन् । पुस्तकालयीय अध्ययन विधि प्रयोग गरिएको उक्त अध्ययनमा व्याकरणात्मक पाठ्यपुस्तकको स्तरण हेर्दा पाठ्यक्रम र पाठ्यपुस्तकका बीचमा तालमेल मिलाउन खोजिएको पाइए पनि सिर्जनात्मक अभ्यासको प्रस्तुतीकरण ढाँचामा विविधता ल्याउन व्यापक सिर्जनात्मक अभ्यास गराउन मिल्ने गरी वस्तुगत प्रश्न थप गर्नुपर्ने सुझावहरु निष्कर्षको रुपमा दिइएका छन् । तिवारीको यस अध्ययन पूर्ववर्ती अध्ययनभन्दा खासै नवीन भने देखिएको छैन ।

पराजुली (२०६९) द्वारा 'कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीभित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरेका छन् । उक्त शोधकार्यको उद्देश्य कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबमा समावेस गरिएका नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त अध्ययन पुस्तकालयीय विधि तथा वर्णनात्मक ढाँचामा केन्द्रित रहेर गरिएको छ । उक्त अध्ययनले व्याकरण सम्बन्धी अभ्यासलाई हाम्रो नेपाली किताबमा छुट्टै रुपमा प्रस्तुत गरिएको छ भने रसिलो नेपालीमा विधागत अभ्याससँग छ्यासमिस ढङ्गले समावेस गरिएको निष्कर्ष निकालेको छ । यस शोधकार्यले भाषिक हाम्रो नेपाली किताब र रसिलो नेपालीमा प्रयुक्त नमुना अभ्यासहरुलाई कुनकुन आधारबाट तुलना गर्ने भन्ने कुरा स्पष्ट खुलाएको पाइँदैन ।

कोइराला (२०६९) द्वारा 'कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यका उद्देश्यहरू पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको अध्ययन गर्नु, नमुना अभ्यासका सबल र दुर्बल पक्ष केलाउनु, नमुना अभ्यासको विधा तथा प्रकृतिका आधारमा वर्गीकरण गर्नु र सुधारका निम्ति सुझाव प्रस्तुत गर्नु रहेका छन् । पुस्तकालयीय अध्ययन विधि प्रयोग गरिएको यस अनुसन्धानमा उनले अभ्यासहरू वैज्ञानिक रहेका, अभ्यासको प्रस्तुति मिलेको, व्याकरणात्मक अभ्यासमा जोड नदिएको, लेखाइ सीपलाई बढी प्राथमिकता दिएको, पहिचानात्मक अभ्यास कम रहेको प्रयोगात्मक अभ्यास कम रहेको, शब्दार्थ लेखन सम्बन्धि अभ्यास नरहेको, व्याकरण शिक्षणमा अन्यौलता ल्याउने शीर्षकीकरण रहेको जस्ता निष्कर्ष निकालेकी छन् । यो शोधकार्य त्यति गुणात्मक भने छैन । यति हुँदाहुदै पनि शोधकार्यको संरचनागत प्रस्तुति भने उपयुक्त  देखिन्छ ।

उपर्युक्त शोधग्रन्थहरुलाई केलाएर हेर्दा भाषिक मूल्याङ्कनका सम्बन्धमा केही मात्रामा अध्ययन अनुसन्धान भएको भएतापनि भाषिक सीपसँग सम्बन्धित गुणात्मक पक्षहरु समेट्न सकेको देखिँदैन । यस शोधबाट विद्यार्थीहरुको सिर्जनात्मक क्षमताको विकास गर्न, भाषिक सीप आर्जन गर्न साथै व्यवहारिक सीप प्राप्त गर्न मद्दत पुग्दछ । सिर्जनात्मक अभ्यासको वर्गीकरण तथा विश्लेषणात्मकम अभ्ययनबाट विद्यार्थीहरुको आदानात्मक र प्रदानात्मक भाषिक सीप सम्बद्ध पक्षलाई समान महत्त्व दिन र त्यस अनुसार अभ्यासलाई सन्तुलित बनाउन पाठ्यपुस्तक निर्माण गर्न मद्दत पुग्न सक्छ । त्यसैले यस अध्ययनबाट नेपाली पाठ्यपुस्तकमा समावेस गरिएका अभ्यास सम्बन्धी व्यावहारिक र सीपमूलक धारणा निर्माणस गर्न सकिनेछ भन्ने अपेक्षा गरिएको छ ।

## २.२. पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास खण्डको मात्र अध्ययन नभए तापनि नमुना अभ्यासखण्डको अध्ययन र व्याकरण अभ्यासहरूको अध्ययन सम्बन्धी अध्ययन भएका छन् । पूर्वकार्यको समीक्षामा प्रस्तुत गरिएका प्रतिनिधि अभ्यास अनुसन्धानका प्रक्रिया र निष्कर्षले यस अध्ययनको पथ प्रदर्शन गर्ने देखिन्छ । समीक्षाका क्रममा अर्याल (२०५९) ले कक्षा ९ को नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन शीर्षकमा शोध तयार पारिएको छ । अध्ययनले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई महत्त्व दिएर नमुना अभ्यास सिर्जना गरेको तर्क अगाडि सारेका छन् । त्यसैगरी पाण्डे (२०६२) ले कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको विश्लेषण गरेका छन् । पाठ्यक्रम अनुरुपताको अध्ययन शीर्षकमा शोधकार्य गरेका छन् । यस शोधकार्यको अभ्यासमा शिक्षक तथा विद्यार्थीहरुका लागि प्रशस्त निर्देशनहरु नदिइएको, अन्योलता पैदा हुन सक्ने अभ्यासहरु, विद्यार्थीको औषत क्षमताभन्दा बढी स्तरीय रहेका, नमुना अभ्यासहरु अपूर्ण रहेका, क्रियाकलापमुखी अभ्यासहरुको संयोजनमा ध्यान दिनुपर्ने, अभ्यासको संयोजन विधा र पाठ अनुरुप हुनुपर्ने जस्ता निष्कर्ष निकालिएको छ । भण्डारी (२०६३) ले “कक्षा चारको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन” शीर्षकमा शोधकार्य गरेका छन् । यस शोधकार्यमा विद्यार्थीहरुको सिर्जनात्मक क्षमताका विकास गर्ने खालका सरल अभ्यासको कमी रहेको पाइन्छ । त्यसैगरी न्यौपाने (२०५७) ले “कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासको अभ्यास” शीर्षकमा शोधपत्र तयार गरेका छन् । यस शोधले पाठ्यक्रम अनुरूपतामा ती अभ्यासहरूको विश्लेषण गर्दा बोलाइ सीपप्रति मौनता र लेखाइ सीपमा केन्द्रित रहेको कुरा औंल्याएका छन् । ज्ञवाली (२०५८) ले “कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासको अध्ययन शीर्षकको अध्ययनले बोध क्षमताका लागि प्रशस्त नमुना अभ्यास नराखिएको र दिएका अभ्यासहरू विविधता युक्त नभएको निष्कर्ष निकालेको छ । ढकाल (२०५८) ले ‘कक्षा ६ को नेपाली किताबमा प्रयुक्त व्याकरणका नुना अभयासहरूको विश्लेषणात्मक अध्ययन” शीर्षकको शोधकार्यले नमुना अभ्यासहरू तहगत र कक्षागत उद्देश्यहरू पूर्ति गर्ने खालका रहेको तथ्य औंल्याएका छन् । अर्का शोधार्थी आचार्य (२०५९) ले ‘निमावि तह (कक्षा ८) मा प्रयुक्त व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन’ शीर्षकको शोध गरेका छन् । उक्त क्रममा अभयासहरू प्रयोगात्मकताको कमी र स्तर सापेक्ष नभएको कुरा औंल्याएका छन् । कोइराला (२०६९) ले “कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन” शीर्षकमा शोधकार्य तयार पारेका छन् । यस शोधकार्यले प्रयोगात्मक अभ्यास कम रहेर लेखाइ सम्बन्धी अभ्यास कम रहेको, व्याकरण शिक्षणमा अन्योलता ल्याउने शीर्षकीकरण रहेको कुरा उल्लेख गरेका छन् ।

विभिन्न तहका नमुना अभ्यास सम्बन्धी भएका फरकफरक अध्ययनले भाषापाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको कमीकमजोरी साथै उपयोगितालाई औल्याएको पाइन्छ । भाषाका चारै सीपको विकास गर्नका साथै विषयवस्तुको सही ढङ्गबाट शिक्षण गर्नका लागि सिर्जनात्मक अभ्यासको उपयोग अवश्यक हुन्छ ।

सिर्जनात्मक अभ्यास सम्बन्धी गरिएका विभिन्न अध्ययनहरुको फरक-फरक दृष्टिकोण तथा आधारभूतहरुबाट अभ्यासहरुको विश्लेषण गरेको पाइन्छ । विविध सन्दर्भमा यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको अध्ययन भएतापनि नयाँ परिमार्जित पाठ्यक्रम अनुरुपको यस पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन शीर्षकमा अध्ययन नभएकाले यो शोधकार्य गर्ने प्रयास गरिएको हो । यस अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरु पाठ्यक्रम अनुरुप छन् वा छैनन् ? भन्ने सन्दर्भमा उद्देश्यगत तथा स्तरगत आधारमा विश्लेषण गरिएको छ र यस अध्ययन शिक्षक तथा विद्यार्थीहरुका लागि शिक्षण सिकाइ कार्यकलापमा थप सहयोगी सामग्रीको रुपमा उपयोगी हुन सक्दछ ।

सिर्जनात्मक अभ्यास सम्बन्धी गरिएका प्रस्तुत अध्ययनहरु तुलनात्मक अध्ययन, व्याकरण सम्बन्धी अध्ययन, पाठ्यक्रमसँगको अनुरुपतात्मक अध्ययन, समग्र सिर्जनात्मक अभ्यासको विश्लेषणत्मक अध्ययन शीर्षकमा भएका अध्ययनहरु पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा उपयोगी हुने गर्दछन् । अध्ययनबाट निकालिएको निष्कर्षहरुका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमीकमजोरीहरु पत्ता लगाई कमजोरी निराकरण गर्न मद्दत मिल्दछ । पाठ्यक्रमले निर्देश गरेअनुरुप विषयवस्तुहरुको संयोजन गरी सोही अनुरुपको सिर्जनात्मक अभ्यास भए नभएको, पाठ्फक्रमका उद्देश्यले सिर्जनात्मक अभ्यासलाई समेट्न सके नसकेको कुरा थाहा पाउन पनि सिर्जनात्मक अभ्यास सम्बन्धी अध्ययन उपयोगी हुने देखिन्छ । सिर्जनात्मक अभ्यास सम्बन्धी गरिएका प्रस्तुत पूर्वकार्यहरुले शिक्षकलाई शिक्षण सिकाइ कार्यकलापमा तथा विद्यार्थीलाई भाषिक सीप हासिल गर्न मद्दत पुग्ने देखिन्छ । प्रस्तुत पूर्वकार्यहरुबाट निकालिएका निष्कर्षहरुका आधारमा सिर्जनात्मक अभ्यासलाई विविध दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गरिएको भएतापनि प्रस्तुत कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको पाठ्यक्रम अनुरुपताको अध्ययन कार्य नभएकाले यो अध्ययन पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक निर्माण, शिक्षक तथा विद्यार्थीका लागि उपयोगी सावित हुने अपेक्षा गरिएको छ ।

## २.३ सैद्धान्तिक/धारणात्मक संरचना

कक्षा ६ को पाठ्यपुस्तकमा समावेस गरिएका सिर्जनात्मक अभ्यास खण्डले भाषिक सीपको विकास र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न निरन्तर अभ्यासको परिकल्पना गरिको छ । जुन कुरा स्किनरको स्थापित सिद्धान्त व्यवहारिक सिकाइ सिद्धान्त अनुसार अगाडि बढाउन सकिन्छ । यस सिद्धान्त अनुसार सिर्जनात्मक अभ्यास खण्डको निरन्तर अभ्यास गराउनु जरुरी हुन्छ । सही प्रतिक्रिया नआउन्जेल आवश्यक हुन्छ । पाठ्यपुस्कमा समावेस गरिएका सिर्जनात्मक अभ्यासहरुले पनि विद्यार्थीहरुमा निरन्तर अभ्यास र पुनरावृत्ति प्रति जोड दिइको छ ।

पाठ्यपुस्तकमा समावेस गरिएका भाषिक सिर्जनात्मक अभ्यासहरूले पनि विद्यार्थीहरूमा अभ्यास र पुनरावृत्तिप्रति जोड दिएको हुन्छ । पटकपटकको अभ्यासबाट नै सही रूपमा सिकाइ निपुर्णता हासिल हुने भएकाले पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासलाई स्थान दिइएको पाइन्छ । विद्यार्थीहरूलाई प्रशस्त मात्रामा अभ्यास सहभागी गराउनका लागि विभिन्न किसिमका सिर्जनात्मक  अभ्यासहरू समावेस गरिएका हुन्छन् । जसले गर्दा उनीहरूमा विषयवस्तुगत ज्ञान तथा भाषिक निपूणता हासिल गर्न मद्दत मिल्दछ ।

भाषाको सिकाइ अनुभवमा आधारित हुन्छ भन्ने सिद्धान्त व्यावहारवादी सिद्धान्त हो । व्यावहारवादीका अनुसार भाषा सिकाइमा बुद्धि वा मनको सक्रियता रहँदैन, प्रमुख माध्यम भनेको अनुभव नै हो (भण्डारी, २०६७ : १३४) । व्यावहारवादी सिद्धान्त स्किनरको सिकाइ सिद्धान्तसँग सम्बन्धित रहेको छ । व्यावहारवादी सिकाइ सिद्धान्तअनुसार बालकलाई नियन्त्रित वातावरणमा अभ्यास गराइन्छ । जबसम्म उसले सही प्रतिक्रिया दिन सक्दैन तबसम्म शिक्षकले निरन्तर अभ्यास गराउनु पर्दछ । यसअनुसार भाषा सिकाइमा अभ्यास वा पुनरवललाई महत्त्पूर्ण ठानिन्छ । बालकले जन्मदा खाली दिमाग लिएर आएको हुन्छ, अभ्यास तथा अनुभवबाट भाषा सिक्दै निपुणता हासिल गर्दछ भन्ने मान्यता व्यावहारवादी सिद्धान्तको रहेको छ ।

सिर्जनात्मक अभ्याससँग सम्बन्धित विषयवस्तु भएकाले अभ्यास तथा पुनरावृत्ति वा सिकाइको सिद्धान्तसँग पनि नजिक रहेर विश्लेषण गर्न सकिन्छ । स्किनरको कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्तले पटकपटकको अभ्यास तथा पुनरावृत्तिबाट सफलता प्राप्त गर्द सकिने कुरालाई उनको परेवा र मुसा माथिको प्रयोगले यसै कुराको पुष्टि गर्दछ । स्किनरले बक्सभित्र मुसालाई राखेर पटकपटकको अभ्यासबाट मात्र लिभर थिच्न सफल भएको कुरा प्रयोगबाट देखाएका छन् ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि

### ३.१ अध्ययनको संरचना

प्रस्तुत शोधकार्य पुस्तकालयीय विधिमा केन्द्रित रहेर तयार पारिएकाले पुस्तकालयमा सङ्ग्रहित पुस्तक, शोधग्रन्थ तथा अन्य सामग्रीहरुको अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा तयार पारिएको हो ।

### ३.१.१ तथ्याङ्क सङ्कलनका स्रोत

प्रस्तुत शोधकार्य प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोगमा आधारित छ । खासगरी प्राथमिक स्रोतका सामग्रीको शुद्धता र स्तरीयतामा नै अनुसन्धान निर्भर हुने भएकाले प्राथमिक स्रोतबाट वस्तुगत बनाई पूर्णता प्रदान गर्न द्वितीयक स्रोतको समेत उपयोग गरिएको छ ।

### क) प्राथमिक स्रोत

प्रस्तुत अध्ययन कक्षा ६ को 'नेपाली' पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास खण्डको अध्ययनमा केन्द्रित छ । खासगरी सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने र भाषिक सीप विकासका दृष्टिले के-कति उपयुक्त छन् भन्ने कुरामा यो अध्ययन पूर्णरूपमा केन्द्रित भएको हुनाले सम्बन्धित पाठ्यपुस्तकलाई नै प्राथमिक स्रोत सामग्रीको रूपमा उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ख) द्वितीयक स्रोत

प्राथमिक स्रोतका अलवा थप तथ्य सङ्कलन गर्न द्वितीयक स्रोतको सहयोग लिइएको छ । यस क्रममा विभिन्न पाठ्यपुस्तकहरू, शिक्षक निर्देशिका, पत्रपत्रिका, शोधपत्रहरू, सन्दर्भपुस्तकहरू खोजी गरी अध्ययन गरिएको छ ।

### ३.१.२ तथ्याङ्कको सङ्कलन

कक्षा छ को 'नेपाली' पाठ्यपुस्तकमा समावेस सिर्जनात्मक अभ्यास खण्डको वर्गीकरण गरिएको छ । यस क्रममा अन्य अभ्यासखण्डलाई समावेस गरिएको छैन । विशेषगरी उद्देश्यसँग सम्बन्धित भई अध्ययन विश्लेषण गर्न विवरणहरूको स्थिति पहिचान गर्न सहजीकरण हुनेगरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

सुनसरी र मोरङ जिल्लाका कक्षा ६ मा अध्ययनरत सम्पूर्ण नेपालीभाषी विद्यार्थीहरू यस अध्ययनका जनसङ्ख्या हुन् ।  ती विद्यार्थीहरू मध्ये कस्तुरी ईबोस्कुल, ग्रीन पिस एकेडेमी, श्री

जनता मावि सुन्दरदुलारी-८ मोरङ, दुलारी मल्टिपल स्कुल गरी ४ वटा सामुदायिक र संस्थागत विद्यालयका ५/५ छात्र/छात्रा गरी १० जनाका दरले जम्मा ४० जना नेपालीभाषी विद्यार्थीहरूलाई यस अध्ययनमा प्रतिनिधि नमुनाको रूपमा समावेस गरिएको छ । यी प्रतिनिधि नमुनाका रुपमा रहेका विद्यार्थीबाट आवश्यक तथ्याङ्क र सूचना सङ्कलन गरी यो शोधकार्य तयार पारिएको छ । विविध विद्यार्थीहरुबाट निकालिएको निष्कर्षलाई यस अध्ययनमा समावेस गरिएको छ ।

छनोटमा परेका विद्यालयहरुको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालयको प्रकार |
|---|---|---|---|
| १ | कस्तुरी ईबो स्कुल | इटहरी-८, सुनसरी | संस्थागत |
| २ | ग्रिन पिस एकेडेमी | इटहरी-८, सुनसरी | संस्थागत |
| ३ | श्री जनता मावि | सुन्दरदुलारी-८, मोरङ | सामुदायिक |
| ४ | दुलारी मल्टिपल स्कुल | सुन्दरदुलारी-११, मोरङ | संस्थागत |

### ३.३ नमुना छनोट र प्रक्रिया

प्रस्तुत शोध अध्ययनमा समावेस गरिएका नमुना विद्यार्थीहरू चिट्ठा प्रणालीबाट छनोट गरिएको छ् । सम्बन्धित विद्यालयको कक्षा ६ मा अध्ययनरत नेपालीभाषी विद्यार्थीहरूमध्येबाट चिट्ठा प्रणालीद्वारा छनोट गरिएकाले यो अध्ययन यादृच्छिक नमुना छनोट प्रक्रियामा आधारित रहेको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

- प्रस्तुत अध्ययनमा परिशिष्टका प्रश्नहरूको लिखित उत्तर मागेर तथ्याङ्क सङ्कलनको साधन निर्माण गरिएको छ ।
- यस अध्ययनमा प्रतिनिधि नमुना छनौटमा परेका थारू मातृभाषी कक्षा ६ का विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षणबाट प्राप्त नतिजाका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।
- प्रस्तुत अध्ययनमा प्रश्नावली निर्माण, पूर्व परीक्षण तथा प्रश्नावलीमा संशोधन र परिमार्जन गरी प्रश्नावलीको प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यसको विश्लेषण गरिएको छ । पाठ्यपुस्तकभित्र समाविष्ट सिर्जनात्मक अभ्यासलाई उद्देश्य अनुरूपता र स्तर अनुरूपताका आधारमा पाठ्यक्रमसँगको अनुरूपता केलाई विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषणका लागि सम्बन्धित तहको पाठ्यक्रम र पाठ्यपुस्तकबीच तालमेल गराई पाठ्यक्रम र पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको संगति के कस्तो रहेको छ भनी विश्लेषण गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययन पुस्तकालयीय अध्ययन विधिमा केन्द्रित छ । यसक्रममा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक विधिबाट अध्ययन व्याख्या र विष्लेषण गरिएको छ । आवश्यकता अनुसार सन्दर्भ र उद्दरणहरूलाई प्रस्तुत गरी वस्तुगत अध्ययन बनाइएको छ । प्रस्तुतीकरणलाई प्रभावकारी बनाउन विभिन्न अध्याय, शीर्षक उपशीर्षक, तालिका माध्यमबाट समेत थप व्याख्या विश्लेषण गरी निष्कर्ष प्रदान गरिएको छ ।

# अध्याय चार : नतिजा/परिणाम र छलफल

## ४.१ नतिजा/परिणाम

नतिजा परिणाम शोध प्रतिवेदनको एउटा महत्त्वपूर्ण अङ्ग हो । प्रस्तुत शोधकार्यमा गरिएका पूर्वकार्यको समीक्षाबाट प्राप्त निष्कर्षका आधारमा उपलब्धिहरूको पहिचान गर्न सकिन्छ । सिर्जनात्मक अभ्याससँग सम्बन्धित रहेर गरिएको अध्ययनहरूको सिर्जनात्मक अभ्यासहरू वैज्ञानिक र व्यावहारिक हुनुपर्ने, भाषिक सीप पक्षलाई महत्त्वपूर्ण स्थान दिइनुपर्ने कुरामा जोड दिएको पाइन्छ । सिर्जनात्मक अभ्यासभित्र व्याकरणात्मक अभ्यासहरूलाई पनि उत्तिकै महत्त्व दिइनुपर्ने कुरालाई पनि प्राथमिकताका साथ उठाइएको छ । पाठ्यपुस्तकमा समावेस गरिएका सिर्जनात्मक अभ्यासहरूमा भाषाका चारै सीपको विकास गर्ने खालका अभ्यासहरूलाई समवेश गरिनु आवश्यक छ । भाषिक सीपको विकास सँगसँगै विद्यार्थीहरूलाई सिकाइप्रति अभ्यस्त गराउँदै लैजानका लागि पाठ्यपुस्तकमा सबै खाले अभ्यासको स्थान महत्त्वपूर्ण हुने देखिन्छ । अभ्यास सम्बन्धी भएका विभिन्न शोधकार्यहरूको अध्ययन प्रस्तुत शोधकार्यका लागि विविध सामग्री उपलब्ध हुनका साथै यो अध्ययनीय विषयवस्तु छनोटमा पनि मार्ग निर्देशक सावित, भएको छ । जसलाई यस अध्ययनमा महत्त्वपूर्ण उपलब्धिको रूपमा लिइएको छ । सिर्जनात्मक अभ्यास सम्बन्धी भएका शोधकार्यहरूले पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ क्रियाकलापमा परिष्कार तथा सुधारका निम्ति उपयुक्त सुझावहरू पेस गरिएका छन् । जसले गर्दा पाठ्यक्रम, पाठ्यपुस्तकमा भएका कमी कमजोरीहरूलाई सुधार गर्दै लैजानको लागि महत्त्वपूर्ण सामग्रीको रूपमा रहन सक्छ । पूर्वकार्यमा रहेका शोधकार्यहरूले अभ्यासका सम्पूर्ण पक्षहरूलाई समेट्न प्रयास गरेतापनि विधागत क्रमानुसार सिर्जनात्मक अभ्यासलाई वर्गीकरण नगरिएको भाषाका चारै सीपलाई समान रूपमा महत्त्व नदिएको जस्ता कमजोर पक्षहरू पनि रहेका छन् । यी कमजोरीहरू प्रस्तुत शोधकार्यका लागि मार्गदर्शक सामग्री रहेका छन् ।

यस शोधकार्यका लागि प्रयोग गरिएको पुस्तकालयीय अध्ययन विधिका माध्यमबाट विविध विषयवस्तुको जानकारी हासिल हुनको साथै शोधहरूको मूल्याङ्कनबाट सिर्जनात्मक अभ्यास सम्बन्धी अध्ययन गरिनुपर्ने विषयवस्तु छनोट गर्न र पूर्वकार्यको कमी कमजोरी पहिचान गरी उपयुक्त सुझाव प्रदान गर्न मद्दत पुग्ने देखिन्छ । सिर्जनात्मक अभ्यास सम्बन्धी विविध विषयवस्तुहरूको अध्ययन पुस्तकालयीय विधिकै माध्यमबाट गरिनु पर्ने भएकाले भाषिक सीप तथा सिर्जनात्मक अभ्यास सम्बन्धी पुस्तकहरूको गहन अध्ययनको पनि प्रस्तुत शोधकार्य अघि

बढाउनका लागि सहयोग प्राप्त भएको छ । पुस्तकालयमा सङ्गृहीत शोधहरूको अध्ययनले पनि प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व सावित गर्नमा मद्दत पुगेको छ ।

### ४.१.१ सिर्जनात्मक अभ्यासको परिचय

सिर्जनात्मक अभ्यास शब्द सिर्जन+आत्मक+अभ्यास मिलि बनेको छ । सिर्जन शब्दले नयाँ निर्माण, सृष्टि र रचना भन्ने बुझिन्छ भने सिर्जनात्मक शब्दले विशेषण पदको कार्य गरेको छ भने अभ्यास शब्दको शाब्दिक अर्थ कुनै पाठ्यविषयमा निरन्तर दोहोऱ्याई-तेहऱ्याई पूर्ण ज्ञान प्राप्त गर्ने काम हो । त्यसैले अभ्यासले नामपदको कार्य गरेको छ । नेपाली शब्दसागरले कुनैपनि कार्य पटक पटक गरिरहने कार्य, आवृत्ति वा आदतलाई अभ्यासको रूपमा परिभाषित गरेको छ (नेपाली शब्द सागर, पृ.५३) । त्यसैगरी विभिन्न विषयवस्तुहरूलाई विद्यार्थीका सुसिक्यताका आधारमा सिक्न र सिकाउन सक्ने वा नयाँ रचना गर्न सक्ने क्षमतालाई सिर्जनात्मक भनि परिभाषिक गर्न सकिन्छ । यसरी सिर्जनात्मक र अभ्यास दुई ओटा शब्दको संयुक्त रूपको रूपमा सिर्जनात्मक अभ्यास रहेको छ । यसलाई भाषा पाठ्यपुस्तकमा विद्यार्थीहरूलाई प्रशस्त अभ्यास गर्ने र सिकाइ उपलब्धि हासिल गर्ने प्रश्नहरूको समष्टिका रूपमा लिन सकिन्छ । यसले विद्यार्थीलाई प्रशस्त अभ्यास तथा पुरावृत्तिको माध्यमबाट भाषाका चारै सीपमा निपूणता हाँसिल गर्नका लागि अभ्यासको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषा सिकाइका लागि विषयवस्तु सम्बद्ध विधाहरू मात्र प्रर्याप्त नभई भाषा सिकाइलाई प्रभावकारी रूपले सञ्चालन गर्न सिर्जनात्मक अभ्यास महत्त्वपूर्ण सामग्रीको रूपमा रहन्छ । सिकाइलाई प्रभावकारी बनाउन विषयवस्तुको शिक्षणपछि पाठ्यविषयसँग सम्बन्धित विभिन्न किसिमका सिर्जनात्मक प्रश्नहरू सिर्जनात्मक अभ्यासमा समावेस गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तकमा विषयवस्तुको शिक्षणपछि विविध प्रकृतिका सिर्जनात्मक अभ्यसहरूलाई समावेस गरिन्छ । भाषिक ज्ञान र सीपको विकासका लागि निरन्तर अभ्यास गर्नु जरूरी हुन्छ । धेरैजसो विषयमा शिक्षणका निम्ति सामग्रीको प्रयोग गर्दै अभ्यासमा सक्रिय गराउनु आवश्यक हुन्छ । विभिन्न विधाहरूको उपयोग गरेर भाषाका सीपहरू सिक्न सकिन्छ । जसले गर्दा शिक्षणीय विषयको मूल्याङ्कन गरी सफलताकासाथ सिर्जनात्मक अभ्यासले प्रभावकारी भूमिका खेलेको हुन्छ ।

सिर्जनात्मक अभ्यासमा प्रयोग गरिएका सामग्रीहरू अभ्यास र पुनरावृत्तिको अवधारणाबाट अघि सारिएका हुन्छन् । लेखाइ सीपको लागि उपयोग हुने सामग्रीहरूको व्यवस्थाले अभ्यासलाई अझ प्रभावकारी बनाएको हुन्छ । यस्ता सामग्रीहरू निवन्ध लेखन, चिठ्ठी, व्याकरण र पठनबोधसँग सम्बन्धित हुन्छन् । पाठ्यपुस्तकमा समावेस गरिएका विधा एवम् उपविधा भन्दा त्यसका आधारमा गराइने भाषिक सिर्जनात्मक अभ्यास महत्त्वपूर्ण स्तम्भको रूपमा रहन्छ ।

पाठ्यविषय शिक्षण सिकाइबाट विद्यार्थीहरूले के कति शिक्षण सिकाइ उपलब्धि हासिल गरे भन्ने जानकारीका लागि सिर्जनात्मक अभ्यासको व्यवस्था मिलाइएको हुन्छ । अभ्यासहरू विद्‍यार्थीले शिक्षणीय र प्रयोगात्मक क्रियाकलापका सहायताबाट समस्याको समाधान गर्न सक्ने हुनु पर्दछ । यस्ता अभ्यासबाट भाषाको ज्ञान, सीपको मूल्याङ्कन गर्न सकिन्छ । शिक्षक र विद्‍यार्थीको शैक्षिक कार्यक्रमलाई निरन्तर रूपमा अघि बढाउन अभ्यासले नै मद्दत गर्दछ । शिक्षण सिकाइकार्यलाई व्यवस्थित गर्न र निर्माणात्मक मूल्याङ्कनलाई सहज बनाउन सिर्जनात्मक अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ ।

भाषा पाठ्यपुस्तकमा विभिन्न विषयक्षेत्रका विधाहरू समावेस गरिनुका उद्देश्य भाषिक कुशलता प्राप्त गराउनु पनि हो । अन्य विषयका सिकारूलाई जस्तो भाषाका सिकारूलाई निर्देशन र प्रयोगका माध्यमबाट सिकाउन सम्भव हुदैन । त्यसका लागि पर्याप्त मात्रामा अभ्यासको व्यवस्था गरिएको हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा राखिने सिर्जनात्मक अभ्यासहरू भाषिक सीपका साथै पठनवोधसँग सम्बन्धित हुनुपर्दछ । पाठ्यपुस्तकमा विधाको विश्लेषण गरेर सिर्जनात्मक अभ्यास निर्माण गरिन्छ । विधाको प्रीतनिधित्व हुने गरी अभ्यासका निर्माण गरिएको हुन्छ । विषयगत र पठनबोध सम्बन्धी सामग्री नमुना अभ्यासमा राखिनु पर्दछ । भाषिक सामग्रीका रूपमा, शब्द भण्डार, भाषिक संरचना, वाक्यसंरचना र वाक्याश आदिलाई सिर्जनात्मक अभ्यासमा समावेस गरिन्छ । विषयगत सामग्रीले धारणा र विचारलाई स्पष्ट पार्ने गरी बोधसँग समाहित हुने सामग्रीहरू समावेस गरिएको हुन्छ ।

**४.२ सिर्जनात्मक अभ्यासको परिभाषा**

बालबालिकाहरूमा रहेका अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जनात्मक कुराहरूलाई दृश्यकला, सङ्गीतकला र पाठशीर्षकको माध्यमबाट अभिव्यक्त गरिने अभ्यासलाई नै सिर्जनात्मक अभ्यास भनिन्छ । यस विषयको माध्यमबाट अभ्यास बालबालिकाहरूले आफ्नो अनुभूति अनुभव, सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले अभिव्यक्त गर्न सक्ने बनाउनु यस विषयको मूल उद्देश्य रहेको हुन्छ ।

**४.३ सिर्जनात्मक अभ्यासको उपयोगिता/महत्त्व**

आजका कलिला बालबालिका भोलिका कर्णधार हुन् । हरेक बालबालिकामा कुनै न कुनै प्रकारले विशिष्ट क्षमता लुकेर रहेको हुन्छ । उसभित्र लुकेर रहेको क्षमताले प्रष्फुटन हुने र हुर्कने बढ्ने मौका पाउने हो भने उसको आफ्नो लुकेर रहेको क्षमता प्रष्फुटन हुन सक्दछ । यसरी बालबालिकाभित्रको अन्तर्निहित क्षमताको प्रष्फुटन गरी त्यसको मलजल गर्नका लागि उसलाई उपयुक्त वातावरण र अवसर प्रदान गर्नुपर्दछ । बालबालिकाभित्र अन्तर्निहित क्षमताको विकासमा

सहयोग पुऱ्याउने महत्त्वपूर्ण विषय सिर्जनात्मक कला पनि हो । बालबालिका भित्र लुकेर रहेको क्षमतालाई सिर्जनात्मकतालाई बाहिर व्यक्त गर्ने माध्यममध्ये सिर्जनात्मक अभ्यास पनि एक हुन सक्दछ । मानवीय अन्तर्निहित भावना अनुभूतिलाई व्यक्त गर्ने अभिव्यक्तिको एक सशक्त माध्यम सिर्जनात्मक कला हुन सक्दछ । सौन्दर्य प्रति आस्था जगाउनु, सिर्जनशीलताको विकास गर्नु, विभिन्न प्रकारका मौलिक सिर्जना गरी रचनात्मक अभिव्यक्ति गर्ने प्रवृत्तिका विकासमा सिर्जनात्मक अभिव्यक्तिशील अभ्यास निकै महत्त्वपूर्ण विषय हो । हाम्रा विद्यालयमा खालि गणित नेपाली, विज्ञान र सामाजिक जस्ता विषयका विषयवस्तु एकोहोरो रूपमा घोकाउने, कण्ठ गराउने प्रवृत्ति छ । तर कलिलो बालबालिका भित्र लुकेर रहेको सिर्जनशीलतालाई प्रष्फुटन गराई त्यसलाई हुर्कने र बढ्ने मौका दिन वातावरण अझै पनि सिर्जना गर्न सकिको छैन । त्यसैले निमावि शिक्षा पाठ्यक्रम, २०४९ ले सिर्जनात्मक अभिव्यक्तिशील कला विषयलाई पाठ्यक्रमका विषयभित्र समावेस गरे पनि पाठ्यपुस्तकको अभावमा पठनपाठन प्रक्रिया त्यति प्रभावकारी बन्न नसकेको परिप्रेक्ष्यमा निमावि शिक्षा पाठ्यक्रम २०६२ ले यस विषयको पाठ्यक्रमलाई बढी व्यवहारिक बनाउँदै पाठ्यपुस्तकको समेत व्यवस्था गरिएको छ । यस विषयको महत्त्व क्रमशः बढ्दै जाने अपेक्षा गर्न सकिन्छ । तसर्थ छोटकरीमा भन्नुपर्दा कलिला बालबालिका भित्र लुकेर रहेको सिर्जनात्मक क्षमताको उजागर गरी उपयुक्त ढङ्गले विकास गर्न सहयोग पुऱ्याउने हुनाले प्राथमिक र निमावि तहमा यसको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

भाषा अभ्यासबाट सिकिन्छ । अभ्यास जति बढी भयो त्यति नै भाषा सिकाइ दिगो स्थायी बन्न पुग्दछ । भाषापाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरू विद्यार्थी मूल्याङ्कनका लागि मात्र नभई अभ्यास तथा पुनरावृत्तिका लागि र निराकरणात्मक शिक्षणका लागि बढी उपयोगी हुन्छ । विद्यार्थीहरूले मातृभाषाकै पढाइ र लेखाइमा पनि सचेत र विशेष अभ्यास गर्नुपर्ने हुन्छ । प्रशस्त पुनरावृत्तिको अवसर प्राप्त भएमा बानीको विकास राम्रो हुने फलस्वरूप पढाइ र लेखाइ पनि सहज हुन सक्छ । यसरी पहिलो भाषाको सिकाइमा त अभ्यासको भूमिका महत्त्वपूर्ण रहन्छ भने दोस्रो भाषा सिकाइका लागि त अभ्यासको अझ बढी खाँचो पर्दछ । अभ्यासले सिकाइलाई के कस्ता सीप विकासका लागि के कस्ता कार्यकलाप गराउन सकिन्छ भन्ने विषयको निर्देश गर्दछ । विद्यार्थीका लागि बढीभन्दा बढी अभ्यास गर्न मद्दत गर्दछ । अभ्यासमा भाषिक सीपसम्बद्ध विषयवस्तुहरू मात्र नभएर व्याकरणात्मक अभ्यासको पनि संयोजन गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा व्याकरणात्मक विषयवस्तुको संयोजन गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा व्याकरणात्मक विषयवस्तुको संयोजन गर्दा मूलपाठ अनुरूप नै गर्नुपर्दछ । विद्यालयस्तरका पाठ्यपुस्तकमा सम्बन्धित पाठभित्रै प्रयोग भएको भाषाका सापेक्षतामा व्याकरणको प्रयोग सन्दर्भ दिई त्यसबाट उदाहरण खोज्न नियम बनाउन र व्यवहारमा प्रयोग गर्ने गरी संयोजन गरिएको

हुन्छ । विद्यालय तहमा व्याकरणको सैद्धान्तिक ज्ञानलाईभन्दा व्यावहारिक र प्रयोजनपरकतालाई महत्त्व दिइनु पर्दछ । अतः भाषापाठ्यपुस्तक निर्माण गर्दा पाठको प्रकृति अनुरूपको सिर्जनात्मक अभ्यास प्रस्तुत गर्ने कुरामा सचेत हुनुपर्दछ ।

सिर्जनात्मक अभ्यास विद्यार्थीको आन्तरिक क्षमताको क्षेत्र पत्ता लगाउन सहायक हुनुपर्दछ । विभिन्न तरिकाले भाषिक विषयवस्तुको सवलीकरण होस् भन्ने विचार गरी पर्याप्त सङ्ख्यामा अभ्यासहरू दिइनु पर्दछ यस्ता भाषिक सीप विकासका लागि उपयोगी र भाषा सिकाइमा रूचि जगाउने खालको हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा दिइने अभ्यासमा भाषिक सीप बढाउने पाठ्यवस्तुलाई जोड दिएको हुनुपर्दछ । जसले गर्दा भाषाका सीप विकास गर्न सहज हुने गर्दछ । भाषापाठ्यपुस्तकमा समाविष्ट पाठ्वस्तुलाई बढीभन्दा बढी क्रियाकलापमुखी बनाई विद्यार्थीलाई अभ्यासमा अग्रसर गराएमा मात्र पाठ्यक्रमको लक्ष्य प्राप्त हुन सक्दछ । भाषिक सीप तथा कलाको विकासको लागि पनि अभ्यास नै अनिवार्य हुन्छ । भाषाका ग्रहण र अभिव्यक्ति कौशलका साथै ज्ञानात्मक, बोधात्मक, प्रयोगात्मक तथा उच्च दक्षताको विकास हुने गरी सिर्जनात्मक अभ्यासको तर्जुमा गरिनुपर्दछ । साथै विद्यार्थीको रूचि, क्षमता र स्तर अनुरूपतालाई ध्यान दिनु व्यवहारिक बनाउन सकिन्छ । पाठ्यवस्तु र त्यस सम्बद्ध सिर्जनात्मक अभ्यासहरू एक अर्कासँग अन्तर सम्बन्धित हुन्छन् जसले गर्दा विषयवस्तुको उद्देश्य प्राप्तिमा सिर्जनात्मक अभ्यासले मद्दत गरिरहेको हुन्छ । त्यसैगरी व्याकरणको सैद्धान्तिक ज्ञान दिनुभन्दा पाठमा प्रयुक्त भाषिक एकाइको आधारमा नै भाषिक व्यवस्थाको खोजी गर्ने र प्रयोग गर्ने खालका सिर्जनात्मक अभ्यास गराउन आवश्यक छ । त्यसैगरी भाषा पाठ्यपुस्तकमा सिर्जनामत्मक अभ्यासको छनोट गर्दा प्रयोगपरक र अभ्यासमुखी गराउनेतर्फ ध्यान दिनु जरूरी देखिन्छ । सिर्जनात्मक अभ्यासको उपयोगिता/महत्त्व बुँदागत रूपमा तल उल्लेख गरिन्छ :

१. विद्यार्थीहरूको परीक्षामुखी प्रवृतिलाई क्रियाकलापमुखी बनाउन प्रेरित गर्दछ भने शिक्षकलाई विधा अन्तर्गत पाठसम्बद्ध क्रियाकलाप गराउन सचेत गराउँछ ।

२. पाठ्यपुस्तकमा दिइएका अभ्यासहरू बाहेक थप अभ्यास गराउने सुझ प्रदान गर्दछ ।

३. सिर्जनात्मक अभ्यासमा दिइएको प्रश्नहरूको अभ्यास गराउनका लागि प्रभावकारी विधिहरू अपनाउन सहयोग पुऱ्याउँछ ।

४. सिर्जनात्मक अभ्यासको माध्यमबाट निरन्तर गरिने मूल्याङ्कनलाई प्रभावकारी बनाउन उपयुक्त कक्षागत वातावरण सिर्जना गर्न आधार प्रदान गर्दछ ।

५. उपयुक्त शैक्षिक सामग्रीको कक्षामा प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउन सुझाव प्रदान गर्दछ ।

६. सिर्जनात्मक अभ्यास अभिव्यक्तिको एक बौद्धिक विकास गर्न र सिर्जनशील प्रतिभालाई अभिव्यक्त गर्न सघाउँछ ।

### ४.४ सिर्जनात्मक अभ्यास र निर्माणात्मक मूल्याङ्कनको सम्बन्ध

मूल्याङ्कनको सम्बन्ध शिक्षण प्रक्रियामा विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा गरी आवश्यकताअनुसार शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षक र विद्यार्थी दुवैलाई पृष्ठपोषण दिने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ (पराजुली र अन्य, २०७६:३६) ।

निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीले सिक्न नसकेको वा सिक्ने क्रममा त्रुटि भएका ठाउँमा त्रुटि सुधारका लागि अवसर प्रदान गर्दछ । कक्षा कोठामा पटक पटक संचालन गरिने कक्षा कार्य, गृहकार्य, मौखिक प्रश्नोत्तर जस्ता कार्यकलापहरूबाट विद्यार्थीहरूको क्षमता परीक्षण गर्न सकिन्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीहरूमा रहेका प्रतिभाको विकास गर्दछ । विद्यार्थीहरूले विभिन्न ठाउँमा गरेका त्रुटिहरूलाई सुधार गर्दै निर्माणात्मक मूल्याङ्कनल बढी अभ्यासमा जोड दिन्छ । पटक पटकको अभ्यास तथा पुनरावृत्तिको माध्यमबाट त्रुटि सुधार गर्दै सही रूपमा सिकाइ उपलब्धि हासिल गर्न निर्माणात्मक मूल्याङ्कनले मद्दत गर्दछ । साथै शिक्षण रणनीतिलाई आवश्यका अनुसार परिवर्तन तथा सुधार गर्न थप सहयोग पुऱ्याउँछ । यस प्रकारको मूलायकङ्कन बढी अनौपचारिक प्रकृतिको हुन्छ र यो निरन्तर रूपमा चलिरहन्छ । विषय शिक्षकले शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा मूल्याङ्कन कार्यलाई अघि बढाउनँने गर्दछन् । निर्माणात्मक मूल्याङ्कन मूलतः अभ्यास र सिकाइमा केन्द्रित रहने भएकाले सिर्जनात्मक अभ्याससँग यसको प्रत्यक्ष र नजिकको सम्बन्ध रहेको पाउन सकिन्छ । सिकाइमा भएको प्रगतिको अनुगमन गर्ने र सिकाइका क्रममा सुधार गर्न सहयोग पुऱ्याउने भएकोले शिक्षण सिकाइको जुनसुकै समयमा अनौपचारिक रूपमा आवश्यकता अनुसार विद्यार्थीहरूलाइ अभ्यास गराउन सकिन्छ । शिक्षण सिकाइ अभ्यासबाटै अघि बढ्ने भएकाले विद्यार्थीहरूलाई बढीभन्दा अभ्यासमा केन्द्रित गरी सही रूपमा सिकाई उपलब्धि हासिल गर्ने भएकाले निर्माणात्मक मूल्याङ्कन र सिर्जनात्मक अभ्यासको प्रत्यक्ष सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

### ४.५ सिर्जनात्मक अभ्यासका किसिम/प्रकार

प्रस्तुत अध्ययन कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास खण्डको अध्ययनमा केन्द्रित रहेको छ । खासगरी सिर्जनात्मक क्षमता अभिबृद्धि गर्ने र भाषिक सीप विकास दृष्टिले के-कति उपयुक्त छन् भन्ने कुरामा यो अध्ययन महत्त्वपूर्ण रुपमा केन्द्रित भएको हुनाले सम्बन्धित पाठ्यपुस्तकलाई नै प्राथमिक स्रोत सामग्रीको रुपमा उपयोग गरी तथ्याङ्क

सङ्कलन गरिएको छ । सिर्जनात्मक अभ्यास कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा रहेका पाठ शीर्षक र त्यसको अन्त्यमा रहेका सिर्जनात्मक अभ्यासको समावेस र विभाजन तालिकामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय विधिमा आधारित रही कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरूलाई मुख्य दुई भागमा वर्गीकरण गरिएको छ :

१. विषयवस्तुगत आधारमा

२. सीपगत आधारमा

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा रहेका पाठशीर्षक र त्यसको अन्त्यमा रहेका सिर्जनात्मक अभ्यासहरूको समाविष्ट अन्त्यमा रहेका सिर्जनात्मक अभ्यासहरूको समष्टिगत विभाजन तालिकामा प्रस्तुत गरिन्छ । विषयवस्तुगत र सीपगत सिर्जनात्मक अभ्यासको पाठगत विवरण :

तालिका नं. १

| क.स. | शीर्षक | विधा | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|---|
| १ | गुरु | कविता | १ | १ | २ |
| २ | युक्तिसामु शक्ति टिक्दैन | कथा | १ | १ | २ |
| ३. | सामाजिक सद्भाव | प्रबन्ध | १ | १ | २ |
| ४ | भविष्यको योजना | संवाद | १ | २ | ३ |
| ५ | साहित्यकार भवानी भिक्षु | जीवनी | १ | १ | २ |
| ६ | खोला | कविता | १ | १ | २ |
| ७ | साने र ठूले | कथा | १ | १ | २ |
| ८ | कृषि मलको प्रयोग | प्रबन्ध | १ | १ | २ |
| ९ | दाजुलाई बहिनीको चिठ्ठी | चिठ्ठी | १ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | युमादेवी अवतरण | कथा | १ | १ | २ |
| ११ | सम्पत्तिभन्दा शिक्षा ठूलो | वादविवाद | १ | | १ |
| १२ | स्वाभिमानी मुख | कविता | १ | १ | २ |
| १३ | युधिष्ठिरको परीक्षा | कथा | | २ | २ |
| १४ | लुइ पाश्चर | जीवनी | १ | १ | २ |
| १५ | वातावरणको रक्षा | प्रबन्ध | १ | २ | ३ |
| १६ | राष्ट्रिय विभूति शङ्खधर शाख्वा | जीवनी | २ | १ | ३ |
| १७ | मानिस नै देवता | कथा | १ | १ | २ |
| १८ | कलाको महत्त्व | प्रबन्ध | १ | १ | २ |
| १९ | प्रधानाध्यापकलाई निवेदन | निवेदन | १ | १ | २ |
| २० | श्रीकृष्णको पराक्रम | कथा | १ | १ | २ |
| | | जम्मा | २० | २३ | ४३ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा - ६

### ४.६ सिर्जनात्मक अभ्यास अन्तर्गत दिइएका पाठगत अभ्यासको वर्गीकरण र विश्लेषण

क) कविता

लयात्मक एकालापको कथन पद्धतिको प्रयोग गरी जीवन जगतको वा मानवीय मनका भावनाको सौन्दर्यपूर्ण अभिव्यक्तिलाई कविताको रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०६६:१) गीति वा मुक्त लयमा रचिएका भावयुक्त फुट्कर लययुक्त रचनालाई कविता भनिन्छ । कविता शिक्षणको उद्देश्य विद्यार्थीहरूमा गति, यति, लय र भाव अनुरूप पठन गर्न सक्ने, अनुभूति गर्न सक्ने भाव एवम् महत्त्वपूर्ण अंशको व्याख्या गर्न सक्ने सीपको विकास गरी कविता प्रति अभिरूचि जगाउनु हो । कक्षा ६ को नयाँ पाठ्यक्रममा सिकाइ उपलब्धी अन्तर्गत कविता, गीतको वर्णन गर्न गति, यति र लय मिलाई शुद्धवाचन गर्न सक्षम हुनेछन भनी उल्लेख गरिएको छ । शिक्षणको उद्देश्य हो भनी उल्लेख गरिएको छ । कविताभित्र रहेका विम्ब, सङ्केत प्रतिक बुझ्न र बुझाउन

सक्ने शब्दहरूको ठीकसँग प्रयोग गर्न सक्ने बनाउनु पनि कविता शिक्षणको ध्येय हो । यस प्रकारका उद्देश्यहरू पूरा गर्ने उद्देश्यले यस पाठ्यपुस्तकमा कविता विधा अन्तरगत विभिन्न प्रकारका सिर्जनात्मक अभ्यासहरूलाई समावेस गरिएको पाइन्छ ।

कविता विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं. २

| क्र.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | गुरु | १ | १ | २ |
| २ | खोला | १ | १ | २ |
| ३ | स्वाभिमानी मुख | १ | १ | २ |
| | जम्मा | ३ | ३ | ६ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा-६

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा कविता विधा अन्तरगत ३ ओटा कविता समावेस गरिएको छ । उपर्युक्त तालिका अनुसार कविता विधाभित्रबाट जम्मा ६ ओटा विविध प्रकारका सिर्जनात्मक अभ्यासहरू राखिएका छन् । विषयवस्तुगत अभ्यास अन्तर्गत जम्मा ३ ओटा अभ्यास खण्डहरू रहेका छन् । कविता विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासहरूको अध्ययन गर्दा विषयगत भाषिक सीपमा आधारित अभ्यासहरू बराबर रहेको पाइन्छ । जसले गर्दा विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास तथा भाषिक सीप प्राप्तिमा मद्दत पुग्ने देखिन्छ ।

ख) कथा

संस्कृत भाषाको कथ धातुमा 'अङ' (अ) प्रत्ययबाट निष्पन्न कथमा टाप (आ) प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ केही कुरा भन्नु वा कहनु हो (भण्डारी र अन्य, २०६६:४) । विद्यार्थीहरूमा स्पष्ट एवम् क्रमिक रूपले घटनाक्रम मिलाउन विचार गर्न, कथाबोधबाट उत्पन्न हुने संवेगात्मक अमुभति र कल्पना शक्तिको विकास गर्न सक्ने सीपको वृद्धि गर्न मद्दत पुग्दछ । पाठयक्रमले कथा शिक्षणको उदेश्य कथानक कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । शब्दरचना गर्न, श्रुतिसमभिन्नार्थक शब्द अनेकार्थक शब्द, उखानटुक्का र निपातको समेत उपयुक्त ढङ्गले प्रयोग गरी भाषिक सीपको विकास गराउने

उद्देश्य अनुरूप विभिन्न प्रकृतिका सिर्जनात्मक प्रश्नहरू राखिएको पाइन्छ । यस प्रकारका सिर्जनात्मक अभ्यासहरूलाई विषयवस्तुगत र सीपगत आधारमा तालिकामा देखाइएको छ :-

कथा विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं. ३

| क.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | युक्तिसामु शक्ति टिक्दैन | १ | १ | २ |
| २ | साने र ठूले | १ | १ | २ |
| ३ | युमादेवीको अवतरण | १ | १ | २ |
| ४ | युधिष्ठिरको परीक्षा | | २ | २ |
| ५ | मानिस नै देवता | १ | १ | २ |
| ६ | श्रीकृष्णको पराक्रम | १ | १ | २ |
| | जम्मा | ५ | ७ | १२ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा-६

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा ६ ओटा कथाहरू समावेस गरिएका छन् । माथिको तालिका अनुसार कथा विधा अन्तर्गत जम्मा १२ ओटा सिर्जनात्मक अभ्यास खण्डहरू समावेस गरिएको छ । यस मध्ये विषयवस्तुगत आधारमा रहेर विश्लेषण गर्दा ५ ओटा अभ्यासहरू र भाषिक सीपगत आधारमा रहेर विश्लेषण गर्दा ७ ओटा अभ्यास खण्डहरू समावेस छन् । उल्लिखित कथाहरूमा विषयवस्तुगत प्रश्नहरूभन्दा भाषिक सीपगत प्रश्नहरू अधिक रहेको पाइएको छ । अन्य कथाहरूका तुलनामा ‘युधिष्ठिरको परीक्षा’ कथामा सीपगत प्रश्नहरू बढी रहेको पाइन्छ । कथा विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासहरूको विश्लेषण गर्दा प्रश्नहरूको अनुपात मिलाउन खोजिएका भएतापनि वस्तुगत अभ्यासहरूलाई स्थान नदिइएकोले विद्यार्थीहरूको धारणात्मक भाषिक सीप क्षमताको विकासमा ध्यान नपुऱ्याइएको देखिन्छ ।

ग) प्रबन्ध

गद्य भाषामा लेखिएको जीवन जगत्कै विषयवस्तु भावविचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धका रूपमा लिइन्छ .(भण्डारी र अन्य, २०६६:४५३) । प्रबन्धले लेखकको भाव वा विचारलाई दरिलो र कसिलो शैलीमा बाँधेर राख्ने रचनालाई जनाँउछ । प्रबन्ध विधा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा गद्यात्मक अभिव्यक्ति बोध क्षमताका साथै गद्यात्मक ललित क्षमताको विकास गर्नु हो, भनि उल्लेख गरेको छ । प्रबन्ध बढी तथ्यपरक, सूचनापरक, जानकारी मूलक हुन्छ । निबन्ध र प्रबन्धलाई एउटै रूपमा हेरिए पनि यी दुईबीच केही फरक रहेको पाइन्छ । प्रबन्ध शिक्षणका लागि विद्यार्थीलाई पठनबोध, सारांश लेखन भाव विस्तार, बुँदा टिपोट जस्ता अभ्यासमा बढी केन्द्रित गराउनु पर्ने देखिन्छ । शब्दभण्डारको शिक्षण गर्न पनि प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ । विभिन्न विषयक्षेत्रमा लेख्न सकिने भएकाले यसबाट विभिन्न क्षेत्रसँग सम्बन्धित पारिभाषिक शब्दभण्डार, उखान टुक्काको समेत शिक्षण गर्न सकिन्छ । अतः प्रबन्ध विधा पाठमा पठनबोध, बुँदा टिपोट, सारांश लेखन, भावविस्तार, शब्दभण्डार तथा प्रबन्ध लेखनसँग सम्बन्धित अभ्यासहरू समावेस गराउनु आवश्यक हुन्छ ।

प्रबन्ध विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं.-४

| क्र.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | सामाजिक सद्भाव | १ | १ | २ |
| २ | कृषि मलको प्रयोग | १ | १ | २ |
| ३ | वातावारणको रक्षा | १ | १ | २ |
| ४ | कलाको महत्त्व | १ | १ | २ |
| | जम्मा | ४ | ४ | ८ |

स्रोत : पाठ्यपुस्तक कक्षा-६

यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा प्रबन्ध विधा अन्तर्गत ४ ओटा प्रबन्ध रहेका छन् । जसमा २/२ ओटा सिर्जनात्मक अभ्यासहरु रहेका छन् । तुलनात्मक रुपमा प्रबन्ध विधका सिर्जनात्मक अभ्यास उपयोगी हुनेगरी निर्माण गरेको पाइएको छ ।

घ) संवाद

दुईजनाबीच भएको कुराकानी, प्रसङ्ग, चर्चा, मामला, कथोपकथन, वातचीत, हालखबर, समाचारलाई संवाद भनिन्छ । यो रूपक विधा अन्तर्गत पर्ने एक उपविधा हो । कुनै पनि विषयवस्तुमा रहेर दुई वा दुई भन्दा बढी पात्रहरूको क्रमबद्ध कुराकानी नै संवादका रूपमा लिन सकिन्छ । यो मौखिक अभिव्यक्तिसँग सम्बन्धित छ । यसमा मुख्य विषयवस्तुका रूपमा विभिन्न परिस्थिति, घटना, आदिका बारेमा कुराकानीको शैलीमा संवाद गरिन्छ । संवाद शिक्षणले विद्यार्थीमा मुख्य रूपमा मौखिक अभिव्यक्ति क्षमताको विकास गर्न मद्‌दत गर्दछ ।

संवाद विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं.-५

| क्र.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | भविष्यको योजना | १ | १ | २ |
| | जम्मा | १ | १ | २ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा-६

यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा संवाद विधा अन्तर्गत एउटा संवाद समावेस गरिएको छ । माथिको तालिका अनुसार जम्मा २ ओटा सिर्जनात्मक अभ्यासहरू रहेका छन्, जसमा एउटा विषयवस्तुगत अभ्यास र एउटा सीपगत अभ्यास रहेका छन् । संवाद मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधा भएतापनि बोलाइ सीपको विकास गर्ने सिर्जनात्मक अभ्यासहरू प्रशस्त नभएको पाइन्छ ।

ङ) जीवनी

जीवनीमा भएका घटना एवम् तीतामीठा अनुभवहरूको श्रृङ्खला नै जीवनी हो (चापागाईं, २०६४:४३२) । कुनै व्यक्तिको जीवन चरित्रलाई अभिव्यक्त गर्ने गद्यमय रचनालाई नै जीवनी भनिएको पाइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका निम्ति योगदान दिने विशिष्ट व्यक्तिहरूको

जीवन गाथालाई जीवनीको रूपमा लिइन्छ । विभिन्न विषय क्षेत्रका व्यक्तिहरू जस्तै : धार्मिक, राजनैतिक, वैज्ञानिक कलाकारिता, साहित्य आदि क्षेत्रका व्यक्तिहरूको जीवनी अध्ययनबाट विद्यार्थीहरूमा प्रेरणा प्रदान गर्न सकिन्छ । विद्यार्थीहरूभित्र रहेका आन्तरनिहित क्षमतालाई क्रियाशील गराई उनीहरूलाई पनि त्यस्तै उत्कृष्ट कार्य गर्न अभिप्रेरित गर्दछ । उनीहरूभित्र रहेको सिर्जनात्मक प्रतिभालाई प्रष्फुटन गर्न जीवनी शिक्षणले मद्दत पुऱ्याउँछ । पाठ्यक्रमले जीवनी शिक्षणले उद्देश्य मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकास गर्नु हो भनि उल्लेख गरेको छ । जीवनी विधामा सिर्जनात्मक अभ्यासको विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप उर्जा प्रदान गर्दछ ।

जीवनी विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं.-६

| क.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | साहित्यकार भवानी भिक्षु | १ | १ | २ |
| २ | लुइ पाश्चर | १ | १ | २ |
| ३ | राष्ट्रिय विभूति शङ्खधर शाख्वा | २ | १ | ३ |
| | जम्मा | ४ | ३ | ७ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा-३

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा जीवनी विधा अन्तर्गत ३ ओटा जीवनी समावेस गरिएको छ । उपर्युक्त तालिका अनुसार राष्ट्रिय विभूति शङ्खधर शाख्वाको जीवनीमा बढी अभ्यास समावेस गरिएको छ । विषयगत अभ्यास २ ओटा समावेस गरिएका छन् । जीवनी विधामा समावेस गरिएका अभ्यासहरुले पनि भाषिक सीपलाई जोड दिएको पाइन्छ । जीवनी विधाको शिक्षण पश्चात विद्यार्थीहरूले आफ्नो जीवनमा प्रोत्साहन प्राप्त गर्ने हुनाले भाषा पाठ्यपुस्तकमा जीवनी विधाका माध्यमबाट चारित्रिक सुधार गर्ने मद्दत पुग्दछ । जीवनी शिक्षणपछि विद्यार्थीहरूमा समाज सुधार देश सुधार र सफल व्यक्तिगत बन्नका लागि सङ्घर्ष गर्नुपर्ने भावनाको विकास गर्न सहयोग पुग्दछ । पाठसँग सम्बन्धित रहेर सस्वर वाचन, प्रश्नोत्तर बोध, वर्णविन्यास, शब्द भण्डार आदि कुरालाई समेटेर सिर्जनात्मक अभ्यासको निर्माण गरेको पाइन्छ ।

च) चिठी

टाढा बसेका मान्छेलाई आफ्नो मनको भाव लेखिएको पत्रलाई चिठी भनिन्छ (चापागाईं, २०६४:३५१) । लिखित माध्यमबाट विचार तथा कुराकानीको विनिमय गर्ने महत्त्वपूर्ण माध्यमलाई चिठीको रूपमा लिन सकिन्छ । एक अर्काको अनुभवको आदान प्रदान एवम् वैयक्तिक सम्बन्ध विकास गर्ने माध्यमको रूपमा चिठीलाई लिने गरिन्छ । विद्यार्थीहरूमा स्वतन्त्र अभिव्यक्तिको विकास, सन्देशहरू लेख्ने, बुझ्ने र चाहेको कुरा स्पष्ट अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास चिठ्ठी शिक्षणको माध्यमबाट गर्न सकिन्छ । चिठी भित्र मिति, ठेगाना, सम्बोधन, अभिवादन, समापन जस्ता कुराहरूलाई विशेष ध्यान दिनुपर्दछ । बिदा, छात्रवृत्ति, सहभागिता, गुनासो, निमन्त्रणा पत्र, बधाई, समवेदना तथा सामग्री माग सम्बन्धी विषयवस्तु समेट्नु पर्ने कुरा पाठ्यक्रमले उल्लेख गरेको छ । चिठी शिक्षण गर्दा नमुनाको उपयोग गरी तिनको ढाँचा र अङ्गको सोदाहरण परिचय समेत दिई सोही अनुरूप अभ्यास गराउनु पर्दछ ।

चिठी विधामा समावेस गरिएको सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं.-७

| क.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | दाजुलाई बहिनीको चिठी | १ | २ | ३ |
| | जम्मा | १ | २ | ३ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा-६

यस कक्षा ६ को नेपाली पाठ्यपुस्तक कक्षा ६ चिठी विधामा एउटा चिठी समावेस गरिएको छ । यस चिठीमा जम्मा ३ वटा सिर्जनात्मक अभ्यास रहेका छन् । जसमध्ये विषयवस्तुगत अभ्यास एउटा र सीपगत अभ्यास दुई ओटा रहेका छन् । सिर्जनात्मक अभ्यास समाविष्ट रहेकाले विद्यार्थीहरूको सिर्जनशीलताप्रति जोड दिएको देखिन्छ । यो यसको सबल पक्ष हो ।

छ) वादविवाद

खण्डन, तत्व निरूपणका निमित्त गरिने तर्क वितर्क, बाझाबाझलाई वादविवाद भनिन्छ । त्यस्तै गरी नियम अनुसार पक्ष विपक्ष दुई समुहमा विभाजित भइ कुनै विषयमा तर्कयुक्त रूपमा बोल्ने बाजी जित्ने कार्यलाई वादविवाद प्रयोगिता भनिन्छ (चापागाई, २०६४:१०८१) । वादविवाद मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधा हो । यसमा परस्परका विचारको विपक्षमा तर्क दिने, असहमति जनाउने, विचारको खण्डन गर्ने, विचार विमर्श गर्ने, जस्ता कुराको विकास हुन्छ । वादविवादलाई हाउभाउपूर्ण मौखिक अभिव्यक्तिको विकासको क्रममा पनि लिन सकिन्छ ।

वादविवाद विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं.-८

| क.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | सम्पत्तिभन्दा शिक्षा ठूलो | १ | | १ |
| | जम्मा | १ | | १ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा-६

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा एउटा वादविवाद समावेस गरिएको छ । माथिको तालिका अनुसार यस विधामा जम्मा एउटा सिर्जनात्मक रहेको छ । यो विषयवस्तुगत अभ्यास तर्कपूर्ण रहेको छ । अभ्यासको विवरण सन्तुलित नभएको छ । जसले गर्दा सिर्जनात्मक क्षमताको विकास गर्ने तथा भाषिक सीप विकास गर्ने खालका अभ्यासहरू कम रहेको पाइन्छ । जसले गर्दा यसलाई सबल पक्षको रूपमा लिन सकिँदैन ।

ज) निवेदन

निवेदनलाई चिठी विधाअन्तर्गतकै एक उपविधाका रूपमा लिन सकिन्छ । कुनै पनि कुराको स्वीकृत्ति लिनु परेमा, कार्यसम्पन्न गर्न सहयोग लिनु परेमा सम्बन्धित कार्यलय वा व्यक्ति समक्ष निवेदन पेस गरिन्छ । निवेदन लेखनमा मिति, ठेगना, विषय, सम्बोधन, तथा निवेदकको परिचय र ठेगाना वा स्पष्ट उल्लेख गरिएको हुनु पर्दछ । निवेदन शिक्षणले विद्यार्थीहरूमा विचार सम्प्रेषण, नेतृत्व क्षमता, लेखनशैलीको विकास गर्न मद्दत पुग्ने देखिन्छ ।

निवेदन विधामा समावेस गरिएका सिर्जनात्मक अभ्यासको विवरण :

तालिका नं.-९

| क्र.स. | शीर्षक | विषयवस्तुगत अभ्यास | सीपगत अभ्यास | जम्मा |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापकलाई निवेदन | १ | १ | २ |
| | जम्मा | १ | १ | २ |

स्रोत : नेपाली पाठ्यपुस्तक कक्षा-६

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा एउटा निवेदन समावेस गरिएको छ । उक्त निवेदनमा २ ओटा सिर्जनात्मक अभ्यासहरु समावेस गरिएका छन् । अभ्यासहरुमा सन्तुलन रहेपनि निवेदन लेखन सिर्जनात्मक सीप बृद्धि विषयवस्तु भएकाले दुवै अभ्यासलाई बढी जोड दिनु चाँहि यसको सवल पक्ष हो ।

### ४.७ व्याकरण र शब्दभण्डारका अभ्यासको वर्गीकरण र विश्लेषण

शरीरमा नशाको महत्त्व भए झैँ भाषाका लागि व्याकरणको महत्त्व हुन्छ । व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासहरूबाट व्याकरण सम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ (शर्मा र पौडेल, २०६७:२१७) । व्याकरणलाई औपचारिक बौद्धिक विषयका रूपमा लिनु हुदैन र प्रयोग प्रसङ्ग एवम् सम्प्रेषणात्मक उपयुक्तताका दृष्टिले ग्रहण गरी सोही अनुरूप सरल र सहज तरिकाले शिक्षण गरिनु पर्दछ (ऐ:११८) । भाषा शिक्षणमा व्याकरण शिक्षणको भूमिका महत्त्वपूर्ण रहन्छ । भाषाको स्तरीय प्रयोगमा व्याकरणको ज्ञानको सहयोग पुऱ्याउँछ । विद्यालयमा व्याकरणलाई सैद्धान्तिक रूपमा शिक्षण गरिनु उपयुक्त मानिँदैन । प्रयोग सन्दर्भबाट व्याकरणात्मक धारणाको विकास गराउनु उपयुक्त हुन्छ । भाषिक व्यवहारका सन्दर्भबाट मात्र व्याकरणको सुझ पर्याप्त नहुने भएकाले यसको धारणात्मक र प्रयोगपरक सीपतर्फ विद्यार्थीलाई अग्रसर गराउनु आवश्यक देखिन्छ । अतः निमा तहमा व्याकरण शिक्षणमा प्रयोग र उदाहरणबाट धारणात्मक सुझको विकास गराउनु उपयोगी हुने देखिन्छ ।

भाषिक दक्षता वृद्धिका लागि शब्दभण्डारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । "कुनै पनि भाषामा रहेका सम्पूर्ण शब्दहरूको समष्टि नै शब्दभण्डार हो (भण्डारी, २०६१ : ४४-४५) । त्यसैको पर्यायवाची शब्द शब्दढुकुटी हो ।" नेपाली भाषामा रहेका, नेपाली भाषामा अन्य भाषाबाट आएका र नेपाली भाषाका प्रयोक्ताले प्रयोग गर्ने गरेका शब्दहरूको समविष्ट भण्डारलाई नै नेपाली भाषाको शब्दभण्डार भनिन्छ । अतः विद्यालय तहदेखि नै शब्दभण्डारको विषयमा ध्यान दिइनु आवश्यक हुन्छ । तर यसो भन्दैमा शब्दभण्डारको अनपेक्षित बोझ दिनु भने गलत हुन

जान्छ । उखान टुक्का, श्रुर्तिसम्मभिन्नार्थक शब्द, अनेकार्थक शब्द, पर्याय विपर्याय शब्दभण्डारका क्षेत्र भनिन्छ । त्यसैले निमा तहका विद्यार्थीहरूलाई प्रयोग सन्दर्भ र अभ्यासबाट नै शब्दभण्डारको ज्ञान दिनु उपयुक्त ठानिन्छ ।

व्याकरण शिक्षणको उद्देश्य भाषामा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपहरू सँगसगै विद्यार्थीलाई शुद्ध शब्द र वाक्य प्रयोग गर्न अभिप्रेरित गर्नु हो । यसबाट भाषा प्रयोग वाक्य गठन, शब्द रचना जस्ता पक्षमा विशेष सहयोग मिल्दछ । यो भाषाको अन्तर्निहित व्यवस्था भएको हुँदा यसको शिक्षणले भाषा प्रयोगको व्यवस्थागत प्रयोगपक्ष, व्याकरणात्मक नियमबाट विचलन भएका शब्द तथा शुद्ध पार्न सक्ने सुझको विकास गर्न मद्दत पुऱ्याउँछ । कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा समावेस गरिएका सिर्जनात्मक अभ्यासभित्र प्रत्येक पाठमा कार्यमूलक व्याकरणत्मक अभ्यास भित्र नाम, सर्वनाम, विशेषण, क्रियापद, काल, करण, अकरण, पक्ष, वाक्य, विभक्ति, चिन्ह, वचन, पुरूष, जस्ता व्याकरणात्मक अभ्यासहरू समावेस गरिएको छैन ।

**४.८ भाषापाठ्यक्रम, पाठ्यपुस्तक र सिर्जनात्मक अभ्यासको अनुरूपात्पमक सम्बन्ध**

हरेक देशको शिक्षा नीति त्यस देशको राष्ट्रिय आवश्यकतालाई हेरेर तयार पारिएको हुन्छ । भाषा पाठ्यक्रमको निर्माण गर्दा त्यस देशको भाषा नीति अनुरूप निर्माण गरिनु पर्दछ । भाषा पाठ्यक्रम मातृभाषिक लागि मात्र तयार गरिदै छ वा विमातृभाषी विद्यार्थीहरू पनि यसैमा सम्बद्ध हुन्छन भन्ने कुरालाई विर्सनु हुँदैन (अधिकारी, २०५९:४५-४६) । त्यस्तै गरी राष्ट्रभाषा, राष्ट्रिय भाषा तथा संचार एवम् सम्पर्कको माध्यम भाषालाई पनि ख्याल गर्नुपर्ने हुन्छ । त्यसैले राष्ट्रिय भाषा तथा संचार एवम् सम्पर्कको माध्यम भाषालाई पनि ख्याल गर्नुपर्ने हुन्छ । भाषापाठ्यक्रम निर्माणका लागि दार्शनिक तथा सैद्धान्तिक धारणाहरूलाई पूर्वाधार निर्माणका रूपमा लिइन्छ । त्यसैले शिक्षाका राष्ट्रिय आवश्यकता र शैक्षिक कार्यक्रमको लक्ष्यअनुरूप गरिन्छ । ती उद्देश्य पूरा गर्नुपर्ने हो भनि सीपगत उद्देश्यहरूको निर्धारण भाषाठ्यक्रममा गरिन्छ । निर्धारित उद्देश्यहरूको परिपूर्तिका लागि उपर्युक्त हुने गरी भाषापाठ्यवस्तुको छनोट गरिन्छ । यसरी पाठ्यवस्तुको छनोट गर्दा विधागत विविधता तथा तिनको वितरण क्षेत्र र क्रमलाई पनि महत्त्व दिनु पर्दछ । पाठ्यक्रमले पाठ्यवस्तु शिक्षणका विधि, निर्देश गरेको हुन्छ । त्यसैअनुरूप मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रमले पाठ्यवस्तु शिक्षणका विधि, निर्देश गरेको हुन्छ । त्यसै अनुरूप मूल्याङकन गर्ने व्यवस्था पाठ्यक्रमले गरेको हुन्छ । कुन विधा र पाठबाट के कस्ता प्रश्नहरू सोध्ने, तीनका लागि के कति अङ्क दिने, भन्ने कुरा पनि पाठ्यक्रमले निर्देश गरेको हुन्छ । यसरी पाठ्यक्रमले निश्चित समय भित्र उक्त विधाका लागि प्राप्त हुने पाठ्यभारका

आधारमा विधागत समय र प्रत्येकका लागि अङ्कभार समेत छुट्याएको हुन्छ । अतः यसले शैक्षिक कार्यक्रममा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

पाठ्यवस्तुको छनोट गर्दा विद्यार्थीको रूचि, आवश्यकता र क्षमतालाई ख्याल गरिनु पर्दछ भने स्तरणका क्रममा सरल देखि जटिलको क्रमलाई ख्याल गरिनु पर्दछ । उपर्युक्त, किसिमका पाठ्यवस्तुको छनोट विधागत रूपमा गरिएको हुन्छ । विधा शिक्षणका उद्देश्य अनुरूप कार्यकलाप संचालन गर्न, शिक्षकलाई कार्ययोजना तयार गर्न पनि यसले सहयोग गर्दछ । अझ पाठ्यपुस्तकलाई आधार सामग्रीका रूपमा प्रयोग गरिन्छ ।


भाषा अभ्यास तथा पुनरावृतिबाट सिकिन्छ । भाषा पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासले विद्यार्थीकलाई बढी भन्दा बढी अभ्यास गर्न सहयोग पुऱ्याउने हुनु पर्दछ । यसका लागि सिर्जनात्मक अभ्यासमा स्पष्ट निर्देशनको आवश्यकता पर्दछ । भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरू पाठ्यक्रम अनुरूप हुनु पर्दछ । अतः भाषा पाठ्यक्रम पाठ्यपुस्तक र अभ्यासको अनुरूपात्मक सम्बन्ध रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरू पर्याप्त नभएको अवस्थामा शिक्षकले थप अभ्यासहरू गराउनु आवश्यक हुन्छ । पाठअनुसार सिर्जनात्मक अभ्यासको प्रकृति पनि फरक फरक हुनुपर्दछ । त्यस्तै गरी अभ्यासमा प्रशस्त विविधीकरण हुनु पनि आवश्यक छ । सिर्जनात्मक अभ्यास विद्यार्थीको सिर्जनात्मक क्षमता उजागर, गर्ने खालको हुनुपर्दछ । पाठभित्रको भाषिक स्वरूपको आधारमा पाठ्यपुस्तकमा व्याकरणको धारणात्मक विकासको लागि अभ्यासको समावेस महत्त्वपूर्ण कुरा हो । यसरी भाषामा प्रयोजनपरक व्याकरणको धारणा सिकाएपछि त्यसैभित्र खोज गरी नियम बनाउन विद्यार्थीलाई प्रेरित गर्ने खालको हुनुपर्दछ । अतः भाषातत्वलाई सैद्धान्तिक भन्दा बढी व्यावहारिक बनाउनु वाञ्छनीय हुन्छ । त्यसै गरी शब्दभण्डारको विकासका लागि पनि प्रयोग पक्षलाई नै महत्त्व दिई दैनिक जीवनमा उपयोगी कुराहरूबाट सिकाउने र त्यसैमा विद्यार्थीलाई अभ्यास गराउनु पर्दछ ।

सिर्जनात्मक अभ्यास र पाठ्यक्रमको अनुरूपात्मक सम्बन्ध हुने कुरा माननीय छ । विद्यार्थीले गर्ने अभ्यास कार्यकलापमा नै पाठ्यक्रमको उद्देश्य निर्भर रहन्छ । सिर्जनात्मक अभ्यासले एकातिर विद्यार्थीलाई क्रियाकलाप उन्मुख गराउँछ भने अर्कोतिर मूल्याङ्कनात्मक पनि हुन्छ । अभ्यासमा समावेस गरिने प्रश्नहरू विशिष्टिकरण तालिकासँग पनि मेल खाने हुनुपर्दछ । नेपाली विषयको विशिष्टिकरण तालिकामा जम्मा चार तहका प्रश्नहरूबाट मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ, जस अन्तर्गत ज्ञान बोध, व्यावहारिक सीप र उच्च दक्षताको मापन गर्ने व्यवस्था रहेको हुन्छ । विशिष्टिकरण तालिकामा सोधिने प्रश्नहरूलाई सिर्जनात्मक अभ्यासमा समावेस गरी विद्यार्थीलाई बढी अभ्यासमा समावेस गरी विद्यार्थीलाई बढी अभ्यास गराउन

सकिएमा परीक्षाफलमा पनि सकारात्मक प्रभाव पर्ने देखिन्छ । अतः भाषा पाठ्यपुस्तकलाई आधार मानी अभ्यासात्मक कार्यकलाप गराउनु जरूरी हुन्छ । र त्यसै प्रक्रियाबाट पाठ्यक्रमका निर्दिष्ट लक्ष्यहरू हासिल गर्न सकिन्छ ।

यसरी सिर्जनात्मक अभ्यासले विद्यार्थीलाई क्रियाशील बनाउन मद्दत गर्दछ । त्यसै गरी ज्ञान, सीप, धारणा, सिर्जनशीलता प्रयोग क्षमता आदिको पहिचान गर्न आधार प्रदान गर्दछ । अभ्यासबाट नै विद्यार्थीहरूले लक्ष्य प्राप्ति गर्ने हुँदा सिर्जनात्मक अभ्यास र पाठ्यक्रमका बीच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । सिर्जनात्मक अभ्यासको उपयुक्तता हुनु भनेको लक्ष्य प्राप्त गर्ने मार्ग सहज र उपयुक्त हुनु हो । अतः भाषापाठयक्रम, पाठ्यपुस्तक र सिर्जनात्मक अभ्यासको अनुरूपात्मक सम्बन्ध रहेको हुन्छ । यस कुरालाई तलको रेखा चित्रबाट स्पष्ट रूपमा बुझ्न सकिन्छ ।

चित्र नं. १




(स्रोत : पाण्डे, (२०६३: ३०)

पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यपुस्तकमा पाठअनुरूप सिर्जनात्मक अभ्यासको समावेस हुन्छ । एउटा पाठ्यक्रम निर्माणका लागि उद्देश्य, विधाको क्षेत्र र क्रम, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रमुख अङ्ग मानिन्छन् । यिनीहरू कै एकीकृत सम्बन्धबाट सम्पूर्ण शैक्षिक कार्यक्रम निर्देशित र नियन्त्रित भई लक्ष्य प्राप्तिमा पुग्न सकिन्छ । अतः भाषा पाठ्यक्रममा उद्देश्य, विषयवस्तु विधाको क्षेत्र र क्रम, शिक्षण सिकाइ प्रक्रिया तथा मूल्याङ्कनमा समेत सिर्जनात्मक अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## ४.९ नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक र सिर्जनात्मक अभ्यास

नेपालमा राष्ट्रिय भाषा सम्बन्धी अझै व्यापक रूपमा खोज अनुसन्धान भएको पाइदैन तर पनि नेपाली भाषाले सरकारी कामकाज तथा सञ्चार सम्पर्कको रूपमा व्यापकता पाएको छ । विद्यालयमा प्रारम्भिक तहदेखि उच्च तह सम्म माध्यम भाषाका रूपमा प्रयोग हुने नेपाली भाषाको स्थान अगाडि रहेको छ । नेपाली भाषाको पाठ्यक्रमले राष्ट्रिय भाषाको विकास र प्रर्वद्धनमा समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ । यसले मातृभाषी तथा विमातृभाषी विद्यार्थीको भाषिक दक्षता अभिवृद्धि गर्नुको साथै बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु पर्दछ । नेपाली भाषा शिक्षणका निर्धारित उद्देश्य पूरा गर्न भाषाका पाठ्यवस्तु छनोटका रूपमा पनि विविधीकरण हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा समावेस गरिने पाठहरूमा विधागत सन्तुलन मिलाउनुका साथै मातृभाषी र विमातृभाषी क्षेत्रको समेत समान पहुँच र महत्त्व रहने विषय क्षेत्रलाई समेट्नु पर्ने देखिन्छ । भाषा पाठ्यपुस्तकमा कुनै पनि जात धर्म, पेशा वर्ग सम्प्रदायका व्यक्ति वा समुदायलाई आपेक्ष लाग्ने वा आघात पर्ने र विषयवस्तु र अभ्यास समेत समावेस गरिनु हुँदैन । अपाङ्ग, आदिवासी जनजाति तथा लैङ्गिक समानताको कदर र संरक्षण गर्दै उनीहरूलाई शिक्षण विधिको प्रयोग गर्न अभ्यासले जोड दिनु पर्दछ । त्यसैले भाषा पाठ्यपुस्तकको विस्तारमा सचेतना अपनाउनुका साथै भाषिक सीपको विकासका लागि विविध प्रकारका अभ्यासमा ध्यान दिनुपर्दछ । भाषिक मूल्याङ्कन प्रभावकारी बनाउनका लागि स्पष्ट रूपमा पाठ्यभार अनुरुप अङ्कभार निर्देश गर्नु आवश्यक हुन्छ । कुनै एक वर्ग वा भाषा भाषी विशेषसँग केन्द्रित भएर सिर्जनात्मक अभ्यासको तर्जुमा नगरी हरेक प्रकारका भाषाभाषीलाई पर्याप्त अभ्यासको अवसर प्रदान गर्ने खालका अभ्यासको समायोजनमा ध्यान दिनु पर्दछ । अतः शैक्षिक, क्षति न्यूनीकरण गरी उद्देश्यपूर्ण बनाउन अभ्यासको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपाली पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासलाई संयोजन गर्दा सबै किसिमका भाषा भाषीका लागि सुसिक्यता हुनेगरी तयार पारिनु आवश्यक हुन्छ ।

## ४.१० उद्देश्य अनुरूपताको आधारमा सिर्जनात्मक अभ्यासको विश्लेषण

पाठ्यक्रमको सबैभन्दा महत्त्वपूर्ण अङ्गको रूपमा उद्देश्यलाई लिइन्छ । उद्देश्यकै आधारमा पाठ्यवस्तुको छनोट, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियालाई अगाडि बढाइन्छ । भाषा अभ्यास तथा पुनरावृत्तिबाट सिकिन्छ । सिर्जनात्मक अभ्यासमा विद्यार्थीका लागि अभ्यास गर्ने प्रशस्त अवसर दिइएको हुनु पर्दछ । उक्त अभ्यास पाठ्यक्रमको उदेश्य प्राप्तिमा सहयोग पुऱ्याउने खालको हुनुपर्दछ । सिर्जनात्मक अभ्यासले शिक्षक तथा विद्यार्थी दुवैका लागि थप क्रियाकलाप गर्न मार्गदर्शन गर्नुपर्दछ । त्यसबाट नै पाठ्यक्रमको निर्दिष्ट उद्देश्य प्राप्ति सम्भव हुन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यका आधारमा पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासहरू समावेस गरिएका

हुन्छन् । भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकास गर्ने उद्देश्य प्राप्तिमा मद्दत पुऱ्याउने खालका रहेको पाइन्छ ।

पाठ्यक्रमले सुनाइ र बोलाइ सीप अन्तर्गत शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्न ध्यानपूर्वक सुन्न कविता गीत, कथा, सुनेर प्रतिक्रिया जनाउन, सिलसिला र हाउभाउ मिलाई बोल्न सक्षम बनाउने उद्देश्य राखेको छ । त्यसैगरी पढाइ सीप अन्तर्गत शुद्धवाचन मौनपठन, सस्वरवाचन, अर्थ बुझी पढ्न सक्षम बनाउने उद्देश्य राखेको छ । लेखाइ सीप अन्तर्गत शुद्धलेखन, लेख्य चिन्हको सही प्रयोग घटना वर्णन, सार लेखन, व्याख्या विश्लेषण, वाक्य रचना जस्ता सीपहरूमा सक्षम बनाउने उद्देश्य राखेको छ । पाठ्यक्रमले निर्धारण गरेका यी भाषिक सीप सम्बद्ध उद्देश्य प्राप्तिमा पाठ्यपुस्तकका सिर्जनात्मक अभ्यासहरू उपयुक्त रहेको पाइन्छ ।

सिर्जनात्मक अभ्यासमा समाविष्ट अभ्यासलाई विषयवस्तुगत र सीपगत आधारमा विश्लेषण गरिएको छ । त्यस्तै गरी भाषिक सीपका कार्यकलापलाई गणना गरी तालिकामा प्रस्तुत गरिएको छ । पाठ्यक्रमको उद्देश्य अनुरूपताको विश्लेषण गर्न थप सहयोग पुऱ्याउने देखिन्छ । पाठ्यक्रमले विद्यार्थीहरूमा भाषिक सीप, विषयवस्तुगत ज्ञान, विधा अनुरूपको सिर्जनात्मक अभ्यास, शब्दभण्डार क्षमता जस्ता पक्षको विकास गर्ने उद्देश्य राखेको पाइन्छ । यस प्रकारका उद्देश्य प्राप्तिमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेस गरिएका सिर्जनात्मक अभ्यासहरू सहयोगी बन्न सक्ने देखिन्छ । विधा र पाठभित्रका अभ्यासको अध्ययन, विश्लेषण, वर्गीकरण र सिर्जनात्मक अभ्यासको पाठअनुरूपताको अध्ययनले उद्देश्य प्राप्तिमा सहयोग पुगेको पाइन्छ । विद्यार्थीहरूमा ज्ञान, बोध, सीपसम्बद्ध अभ्यासहरूको माध्यबाट पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ ।

### ४.११ स्तर अनुरूपताका आधारमा सिर्जनात्मक अभ्यासको विश्लेषण

पाठ्यपुस्तकमा समावेस गरिएका अभ्यासहरू विद्यार्थीको स्तर अनुरूपका हुनु आवश्यक छ । प्राथमिक तह उर्तीण गरी निमावि तहमा प्रवेश गरेका विद्यार्थीको स्तर र क्षमताको मूल्याङ्कन गरी अभ्यासहरू समावेस गरिनु पर्दछ । भाषिक सीप सम्बद्ध सुनाइ, बोलाइ, पढाइ, लेखाइका अभ्यासहरू स्तरअनुरूप रहेको पाइन्छ । सुनाइ, बोलाइ र पढाइ सीप भन्दा लेखाइ सीपलाई बढी महत्त्व दिइएकोले विद्यार्थीहरूमा मौखिक अभिव्यक्ति क्षमता विकास गर्न प्रसस्त अभ्यासको अवसर प्राप्त नहुन सक्छ । त्यसले गर्दा मौखिक अभिव्यक्तिसँग सम्बन्धित कार्यकलापहरू पनि प्रसस्त मात्रामा अभ्यासमा समावेस गर्न सकेमा स्तर सापेक्ष हुने देखिन्छ । त्यस्तैगरी विधा अनुरूपको अभ्यासको विवतरण पनि स्तर अनुकुल रहेको पाइन्छ । अभ्यासमा छोटो उत्तर लेखन सम्बन्धी अभ्यासहरू बढी र व्याख्या विश्लेषणसँग सम्बन्धित प्रश्नहरू कम

मात्रामा समावेस गरिनु पनि स्तरअनुकुल रहेको पाउन सकिन्छ । व्याकरण अन्तर्गत नाम, सर्वनाम, काल, विशेषण, क्रियापद, करण अकरण जस्ता अभ्यासहरूको सामान्य परिचय सहित अभ्यासहरू राखिनु पनि स्तर अनुरूप आवश्यक रहेको मान्न सकिन्छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूर्ति गर्न भाषा पाठ्यपुस्तकको आवश्यकता पर्दछ । भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेस गरिन्छन् र सोही बमोजिम पाठहरू राखिन्छन् । विद्यार्थीलाई अपेक्षित उद्देश्य पूर्ति गर्न तिनै अभ्यासका आधारमा क्रियाशील गराउनु पर्दछ । अभ्यासमा नै विद्यार्थीको उपलब्धि स्तर निर्भर गर्दछ । भाषा पाठ्यपुस्तकमा पाठअनुरूप सिर्जनात्मक अभ्यास संयोजन गर्दा निकै विचार पुऱ्याउनु पर्ने हुन्छ ।

कक्षा ५ को पाठ्यपुस्तकमा समावेस गरिएका सिर्जनात्मक अभ्यासको सापेक्षतामा कक्षा ६ को पाठ्यपुस्तकका सिर्जनात्मक अभ्यासहरू उपयुक्त देखिन्छन् । कक्षा ५ मा राखिएको व्याकरणका अभ्यासहरू कक्षा ६ का लागि केही व्यापक रूपमा प्रस्तुत गरिएका छन् । त्यस्तैगरी माथिल्लो तह कक्षा ७ का सिकाइ उपलब्धिहरू शुद्ध उच्चारण, मौखिक वर्णन वाक्य निर्माण जस्ता क्रियाकलापमा पनि कक्षा ६ का अभ्यासहरूले मद्दत पुऱ्याउने देखिन्छ ।

# अध्याय-पाँच

# उपसंहार

## ५.१ निष्कर्ष

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको अध्ययनबाट प्राप्त निष्कर्षलाई यहाँ प्रस्तुत गरिएको छ ।

भाषिक सीप र दक्षता बृद्धिका लागि सिर्जनात्मक अभ्यासको महत्त्वपूर्ण भूमिका  हुन्छ । भाषाका चारै सीपको विकास गर्ने उद्देश्य सिर्जनात्मक अभ्यासबाट पूरा हुन सक्छ । त्यस्तै गरी हिज्जे, वाक्यगठन, वाक्यनिर्माण, सम्बन्धी अभ्यासमा व्याकरणका अभ्यासले मद्दत पुऱ्याउने देखिन्छ । विभिन्न विषयमा सिलसिला मिलाइ वर्णन गर्न, कथा लेख्न, कविता लेख्न, गीत लेख्न, मौखिक अभिव्यक्ति दिन, वादविवाद गर्न सक्ने जस्ता उद्देश्य पूरा गर्न पाठसम्बद्ध सिर्जनात्मक अभ्यासका प्रश्नले सहयोग पुऱ्याउने देखिन्छ । समग्रमा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरू स्तरीय देखिन्छन् । वादविवाद, संवाद जस्ता समूहगत रूपमा गरिने कार्यकलाप पाठमा समावेस गरिए पनि अभ्यासमा त्यसलाई न्यून रूपमा समावेस गरेको पाइन्छ सिर्जनात्मक अभ्यासमा नृत्य, गायन, हाजिरीजवाफ जस्ता अतिरिक्त क्रियाकलापहरूलाई पनि समावेस गर्नाले कक्षा ६ का विद्यार्थीहरूका लागि स्तरअमुरूपको क्षमता विकास गर्न मद्दत पुग्ने देखिन्छ । कतिपय सिर्जनात्मक अभ्यास शिक्षक तथा विद्यार्थीका लागि स्पष्ट निर्दोशनहरू नदिइएकाले अन्योल हुने देखिन्छ । समविष्टगत रूपमा हेर्दा सिर्जनात्मक अभ्यासहरू स्तरीय देखिन्छन् समूहगत कार्यकलापका अभ्यासहरू न्यून देखिन्छन् ।

विविध विधामा पाठ र सम्बद्ध सिर्जनात्मक अभ्यासका माध्यमबाट विद्यार्थीहरूको बोधात्मक प्रयोगात्मक तथा सिर्जनात्मक प्रश्नसम्बन्धी धारण बसाउनका साथै व्यावहारिक सीप प्राप्त गर्न सहयोग पुग्दछ । भाषिक सीप र दक्षता बृद्धिका लागि सिर्जनात्मक अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ । सुनाइ र बोलाइ सीप अन्तर्गतका उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याई, उच्चारण गर्न, शब्दहरूको शुद्ध उच्चारण गर्ने उद्देश्य सिर्जनात्मक अभ्यासले पूरा गर्न सक्दछ । विभिन्न किसिमका वर्णन र अभिव्यक्ति सुनेर मुख्य कुरा भन्न सक्ने जस्ता उद्देश्य सिर्जनात्मक अभ्यासमा दिइएको बोध सम्बद्ध लिखित सामग्रीलाई विभिन्न विधा सम्बद्ध सस्वरबाचन गर्ने, लयवाचक गर्ने जस्ता अभ्यास समाविष्ट देखिन्छन् । लेखाइ सीप सम्बद्ध उद्देश्य पूरा गर्न सङ्क्षिप्त उत्तरात्मक तथा विवेचनात्मक उत्तरात्मक प्रश्न, हिज्जे र वाक्यगठन सम्बन्धी प्रश्नका साथै व्याकरण अभ्यासले सहयोग पुऱ्याउन सक्दछ ।

पाठ्यपुस्तकमा समावेस गरिएका समग्र सिर्जनात्मक अभ्यासहरूको अध्ययन गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ । भाषाको चारै सीपको विकास गर्न साथै विद्यार्थीको स्तरअमुरूप सिर्जनात्मक कला तथा व्याकरणसम्बन्धी ज्ञान प्राप्त गर्नका लागि पनि अभ्यासहरू अनुकूल रहेका छन् ।

**५.१.१ सबल पक्ष**

यस पाठ्यपुस्तकका सिर्जनात्मक अभ्यासमा पाइने मुख्य सबल पक्षलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :-

क. निमा तह कक्षा ६ को नेपाली विषयको नयाँ पाठ्यक्रम २०६९ अनुरूप परिमार्जित पाठ्यपुस्तक नेपालीमा पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू समावेस गरिएका छन् ।

ख. प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास विधाअनुरूप नै संयोजन गरिएको छ ।

ग. व्याकरण तथा शब्दभण्डारलाई आगमन विधिबाट सिकाउने प्रयास गरिएको छ ।

घ. सैद्धान्तिक ज्ञानलाई भन्दा व्यावहारिक सीप अभिवृद्धि गर्ने तर्फ सिर्जनात्मक अभ्यास केन्द्रित रहेको देखिन्छ ।

ङ. सिर्जनात्मक अभ्यासलाई विधाअनुरूप पाठसम्बद्ध तुल्याउने प्रयास गरिएको छ ।

च. सिर्जनात्मक अभ्यासलाई विविधीकरण गरी प्रस्तुत गरिएको छ ।

छ. सिर्जनात्मक अभ्यासलाई सरलबाट जटिलको क्रममा प्रस्तुत गरिएको छ ।

ज. पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको विधागत सन्तुलन मिलेको देखिन्छ ।

झ. कथा, कविता, जीवनी, प्रबन्ध, वादविवाद, संवाद, निवेदन विधामा विषयवस्तुगत प्रश्न भन्दा भाषिक सीपगत अभ्यासहरू बढी समावेस गरिएका छन्, जसले गर्दा भाषाका चारै सीपको विकास गर्नुका साथै सिर्जनात्मक क्षमता विकासमा पनि मद्दत पुग्दछ ।

ञ. वादविवाद विधामा सिर्जनात्मक प्रश्नहरू बढी समावेस गरिएका छन् । जसले गर्दा विद्यार्थीमा मौखिक अभिव्यक्ति क्षमताको विकासमा मद्दत पुग्दछ ।

ट. निवेदन विधामा सिर्जनात्मक प्रश्नहरू धेरै हुनु सकारात्मक पक्ष देखिन्छ ।

ठ. प्रबन्ध विधाका अभ्यासमा प्रश्नको वितरण सन्तुलित रहेको छ । यसमा प्रयोगात्मक प्रश्न र सिर्जनात्मक प्रश्नको सङ्ख्या बढी रहनु स्वतन्त्र लेखन कार्यमा बढी दिने खोजको देखिन्छ ।

ङ. कविता विधामा विषयवस्तुगत प्रश्नलाई भन्दा सिर्जनात्मक प्रश्नहरूलाई बढी समावेस गरेको पाइन्छ । यस विधामा भाषाका चारै सीप सुनाइ बोलाइ, बढाइ र लेखाइ क्षमताको विकासमा बढी जोड दिइएको पाइन्छ ।

ढ. विधाको विविधीकरण अनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रमा विद्यार्थीलाई सरिक गराउन मिल्ने गरी सिर्जनात्मक अभ्यासको व्यवस्था मिलाइएको देखिन्छ ।

**५.१.२ दुर्बल पक्ष**

यस पाठ्यपुस्तकका सिर्जनात्मक अभ्यासमा पाइने दुर्बल पक्षलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :-

क. कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासमा सबै प्रकारका भाषिक सीपलाई समेटिएको भएपनि बढी मात्रामा लेखाइ सीपलाई जोड दिएको  देखिन्छ ।

ख. अभ्यासका लागि दिइएका निर्देशनहरू स्पष्ट नभएकाले कतिपय स्थितिमा शिक्षक र विद्यार्थी अल्मलिन सक्ने देखिन्छ ।

ग. संवाद मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधा भए पनि बोलाइ सीपको विकास गर्ने खालका सिर्जनात्मक अभ्यासको कमी रहेको पाइन्छ ।

घ. यस पाठ्यपुस्तकमा ६ ओटा कथा ३ ओटा कविता रहेको अवस्थामा संवाद वादविवाद चिठ्ठी जस्ता सिर्जनात्मक क्षमता विकास गर्ने खालका पाठहरू एक एक ओटा मात्र रहेकाले सिर्जनात्मक क्षमताको विकास कमै हुने देखिन्छ ।

ङ. पाठ्यक्रमले भाषाको चारै सीपको विकास गर्ने उद्देश्य राखेको भएपति सुनाइसँग सम्बन्धित अभ्यास न्यून रहेको देखिन्छ । यो पाठ्यक्रम अनुरूपता दृष्टिले उपयुक्त देखिँदैन ।

च. भाषिक सीपको समान महत्त्व भए पनि प्रस्तुत सिर्जनात्मक अभ्यासमा आदानात्मक सीपभन्दा प्रदानात्मक सीपलाई बढी महत्त्व दिइएको देखिन्छ ।

छ. प्रबन्ध, संवाद र जीवनी विधामा सुनाइ सीपसम्बद्ध सिर्जनात्मक अभ्यास नहुनुलाई कमजोर पक्षको रूपमा लिन सकिन्छ ।

ज. पाठको अन्त्यमा दिइएका व्याकरणका सम्बन्धी सिर्जनात्क अभ्यासहरूको वर्गीकरण तालमेल नमिलेको देखिन्छ ।

झ. विद्यार्थीहरूमा व्यावहारिक सीपको अभिवृद्धिमा क्रियाकलापमुखी अभ्यासले सहयोग पुऱ्याउने देखिन्छ । तर यस पाठ्यपुस्तकमा यस्ता प्रकृतिका सिर्जनात्मक अभ्यासको कमी देखिन्छ ।

## ५.२ सुझावहरू

यस अध्ययनको निष्कर्षका आधारमा निम्नबमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ :-

क. सिर्जनात्मक अभ्यासमा स्पष्ट निर्देशन दिइनु पर्दछ ।

ख. व्याकरण र शब्दभण्डारका अभ्यासलाई क्रमबद्ध र उपयुक्त स्तरणमा प्रस्तुत गरिनु पर्दछ ।

ग. सिर्जनात्मक अभ्यासहरूको विविधीकरणमा जोड दिनुपर्दछ । चित्रात्मक अभ्यासको संयोजन प्रभावकारी हुने हुनाले यस्ता अभ्यासको समावेस गर्नु उपयोगी हुन्छ ।

घ. सिर्जनात्मक अभ्यासको संयोजन गर्दा पाठ्यक्रमको क्षेत्र र क्रमलाई विशेष ख्याल गर्नु पर्दछ ।

ङ. समूहकार्य गर्ने खालका सिर्जनात्मक अभ्यासहरू थप गर्नु पर्ने देखिन्छ ।

च. सिर्जनात्मक अभ्यासमा वैयक्तिक रूचि समेट्न सक्ने अभ्यासको संयोजनमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

छ. पाठ्यपुस्तकमा विभिन्न जातजाति, पिछाडिएका वर्ग तथा अपाङ्ग विद्यार्थीका लागि पनि उपयोगि हुने खालका सिर्जनात्मक अभ्यासहरू समावेस गर्नु पर्ने देखिन्छ ।

ज. पाठको अन्त्यमा राखिने सिर्जनात्मक अभ्यासमा विषयवस्तुको विविधतालाई ख्याल गरी प्रयोगात्मक र सिर्जनात्मक सीप विकास गर्ने बोधात्मक प्रश्न सहित प्रश्नको वितरणमा सन्तुलन मिलाउनु पर्ने देखिन्छ ।

झ. चिठी विधामा घरायसी चिठीमा रहेको छ । यसमा विविधीकरण गर्नु पर्ने देखिन्छ ।

ञ. सिर्जनात्मक अभ्यासहरूमा लेखाइ सीपलाई बढी महत्त्व दिइएको हुँदा सुनाइ, बोलाइ र पढाइ जस्ता भाषिक सीपलाई पनि उतिकै महत्त्व दिनुपर्दछ ।

ट. विद्यार्थीको रूचि, स्तर र उमेर आदिलाई ख्याल गरी सिर्जनात्मक अभ्यास निर्माण गर्नु पर्ने देखिन्छ ।

ठ. संवाद, वादविवाद जस्ता मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधामा मौखिक अभिव्यक्तिको अभ्यासका लागि प्रसस्त सिर्जनात्मक अभ्यास समावेस गरिनु पर्दछ ।

ड. भाषिक सीप प्राप्तिका लागि प्रयोगात्मक, सिर्जनात्मक र सम्प्रेषणात्मक पक्षलाई जोड दिइ सोही किसिमका शब्दभण्डार बृद्धि गर्ने अभ्यासहरू राखिनु पर्दछ ।

ढ. पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासहरू परिमार्जित हुँदै आए पनि अझै परिमार्जन र सुधार गर्नु आवश्यक देखिन्छ ।

ण. अभ्यासमा रूचि संवर्द्धन गर्ने कार्यकलापलाई पनि समेट्नु राम्रो हुन्छ । जस्तै कविता विधामा अन्ताक्षरी खेलाउने कथा विधामा कथाकथन गराउने चिठ्ठी विधामा कुनै शीर्षक दिई प्त्र लेखन गराउने आदि जस्ता सिर्जनात्मक अभ्यासहरू समावेस गरिनु पर्दछ ।

## ५.३ उपयोगिता

भाषा पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास सम्बन्धी भएका विभिन्न अध्ययन अनुसन्धानबाट विभिन्न क्षेत्रमा सहयोग पुगेको देखिन्छ । यस्ता अध्ययनहरूबाट सम्बन्धित तह र कक्षाका पाठ्यक्रम पाठ्यपुस्तकको विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा पाठ्यक्रममा समाविष्ट सिर्जनात्मक अभ्यास सम्बन्धी गरिएका अनुसन्धानहरू धेरै भएतापनि त्यसले ठोस रूपमा प्रयोग पक्षमा उपयोगी सावित हुन नसकेको देखिन्छ । कतिपय अनुसन्धानहरूले सैद्धान्तिक पक्षलाई मात्र उल्लेख गरी त्यसको व्यवहारिक पक्षको पहिचान गर्न नसकेको देखिन्छ । जसले गर्दा भाषिक सीप हासिल गर्न विद्यार्थीहरूलाई अन्योलमा पार्न सक्दछ । प्रस्तुत शोधकार्यबाट सम्बन्धित कक्षाको पाठ्यपुस्तको खोजकार्यमा सहयोग पुग्न सक्दछ । शिक्षक तथा विद्यार्थीहरूले भाषिक सीप विकासका लागि विभिन्न अभ्यास र कार्यलाई कति महत्त्वका साथ हेर्नुपर्ने भन्ने कुराको जानकारी प्राप्त हुन्छ । विद्यार्थीहरूलाई अभ्यासका क्रममा अनावश्यक रूपमा अलमलिने स्थितिको निराकरण भइ उच्च सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्दछ । शिक्षण सिकाइ कार्यकलाप तथा परीक्षा बीचको दुरीलाई कम गर्न साथै अध्ययनले सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकको विकास तथा सुधारमा समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउँदछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन गर्न सहयोग पुऱ्याएको छ । शिक्षक निर्देशिकालाई परिमार्जित गरी पाठ्यक्रम विकास केन्द्रलाई सल्लाह, सुझाव प्रदान गर्न उपयोगी रहेको छ । निर्देशिका लेखन तथा छपाइ कार्यमा सरोकारवाला पक्षलाई सचेत तुल्याएको छ । यस पाठ्यपुस्तकभित्र समाविष्ट सिर्जनात्मक अभ्यास सम्बन्धी अध्ययनको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ । पाठ्यक्रमले विद्यार्थीको विविध क्षमता, स्तर र रूचिको प्रतिनिधित्व गर्न सक्ने उद्देश्य राख्नु पर्दछ । जसले गर्दा विद्यार्थीमा पाठ्यपुस्तकबाट सहज रूपमा सिकाइ उपलब्धि हासिल हुन सक्दछ । पाठ्यपुस्तकमा पाठसम्बद्ध अभ्यासलाई समाहित गर्नु पनि त्यत्तिकै आवश्यक हुन्छ । यस शोधकार्यबाट प्रशोधन भएका निष्कर्षहरूले पाठ्यपुस्तक लेखनका क्रममा भएका त्रुटिहरू निराकरण गर्न सहयोग पुऱ्याउँछ ।

### ५.३.२ कार्यान्वयन तह

प्रस्तुत अध्ययन मूलतः भाषिक सीप शिक्षणसँग सम्बन्धित छ । यसै सन्दर्भमा नेपाली भषा शिक्षण गर्दा के कस्ता भाषिक सीप कस्ता कस्ता अभ्यासबाट सिक्न सकिन्छ भन्ने कुरा थाहा पाउन यस अध्ययनले मद्दत पुऱ्याउँछ । पाठ्यक्रमले निर्देश गरे अनुरूपको अभ्यासहरूको कमी भएमा पाठसम्बद्ध अभ्यासहरू थप गरी पाठसम्बद्ध अभ्यासहरू थप गरी क्रियाकलाप गराउन पनि मद्दत पुग्ने देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर सम्बन्ध र त्यसमा समाविष्ट सिर्जनात्मक अभ्यासको कमी कमजोरी पहिचान गरी आवश्यक संशोधन गर्नका लागि पनि यस अध्ययनले मद्दत पुऱ्याउँन सक्दछ । विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्न साथै शिक्षकका लागि पाठसम्बद्ध क्रियाकलापहरू गराउन समेत मद्दत गर्दछ । भाषा शिक्षणलाई समावेसीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न सहयोग पुऱ्याउने देखिन्छ । पाठ्यक्रमका उद्देश्यअनुरूप पर्याप्त सिर्जनात्मक अभ्यासको संयोजन गरी पाठ्यपुस्तकमा सुधार गर्न साथै विद्यार्थी केन्द्रित र कार्यकलापमुखी शिक्षण सिकाइको प्रवर्द्धन गर्नमा सहयोग हुने देखिन्छ ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक

प्रस्तुत 'कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको अध्ययन' शीर्षकको शोधकार्यले भावी अनुसन्धानकर्ताहरूलाई यस अध्ययनमा भएका कमीकमजोरीहरूको पहिचान गरी नयाँ विषयमा अध्ययन गर्न मद्दत पुग्दछ । पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरूलाई विद्यार्थीहरूको स्तर र क्षमता अनुरूप विभाजन गरी भाषिक सीप हाँसिल गर्न नयाँ ढाँचाको अनुसन्धानका लागि मार्गदर्शन बन्न सक्दछ । सिर्जनात्मक अभ्यासहरूलाई सीपगत र तहगत आधारमा विश्लेषण गरी नयाँ अनुसन्धान कार्यका लागि पूर्वकार्यको रूपमा यस अध्ययनले सहयोग पुऱ्याउन सक्दछ ।

भावी अध्ययनका लागि सम्भावित शोधशीर्षकहरू

क. कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यास र कक्षाशिक्षणमा तिनको उपयोग ।

ख. छनोट र स्तरणका दृष्टि कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको अध्ययन ।

ग. नमुना अभ्यासमा भाषिक त्रुटिको प्रभाव ।

घ. कक्षा ६ को नेपाली पाठ्यपुस्तकको कक्षा विधामा समाविष्ट सिर्जनात्मक अभ्यास ।

ङ. स्तर अनुरूपताका आधारमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** कमलपोखरी काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५९), **प्रारम्भिक नेपाली शिक्षण,** भोटाहिटी काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५९), **सामाजिक तथा प्रयोगिक भाषा विज्ञान,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), **प्रारम्भिक नेपाली शिक्षण,** भोटाहिटी काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, पार्वती (२०५९), **कक्षा ९ को नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध, त्रि.वि. शिक्षाशास्त्र-नेपाली भाषा शिक्षा विभाग ।

आचार्य, सरस्वती (२०५९), **निमावि तहका पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासखण्डको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध, त्रि.वि. शिक्षाशास्त्र-नेपाली भाषा शिक्षा विभाग ।

आधारभूरत शिक्षा पाठ्यक्रम (२०६९), कक्षा ६ र ८ नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी : भक्तपुर ।

काफ्ले, सूर्यप्रसाद (२०६३), **कक्षा १० को नेपाली (२०६४) पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन,** अप्रकाशित शोधपत्र स्नातकोत्तर शोधपत्र, वित्रि शिक्षाशास्त्र -नेपाली भाषा शिक्षा विभाग ।

कोइराला, यमुना (२०६९), **कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र स्नातकोत्तर शोध पत्र, त्रिवि शिक्षाशास्त्र-नेपाली भाषा शिक्षा विभाग ।

खड्का, यशोदा (२०५९), **कक्षा ८ को हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खतिवडा, कोमलप्रसाद (२०६६), **कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ ।

ढकाल, शान्तिप्रसाद (२०६६/६७०), **नेपाली भाषा शिषण परिचय र प्रयोग,** काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६७), **परिचयात्मक नेपाली भाषा शिक्षण,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

नेपाली वृहत् शब्दकोश (२०६७), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान

पराजुली, ढाकाकुमारी (२०६८/६९), **कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीभित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,** अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर : मोरङ ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), **आधारभूत शिक्षा पाठ्युक्रम (६-८),** सानोठिमी, भक्तपुर

पाण्डे, गोमा (२०६५), **कक्षा सातको मेरो नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासहरुको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६६), **नेपाली कविता र काव्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, बलदेव (२०६३), **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ४ को मेरो मेरो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि ताहाचल ।

सुडौला, भीमसेन (२०६०) **कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, रेनुका (२०६८) **कक्षा दुईको मेरो नेपाली किताबमा समावेश भएका अभ्यास खण्डको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

## व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | रमादेवी दाहाल |
| जन्म मिति | : | २०४१/०८/०९ |
| पिता | : | रामप्रसाद दाहाल |
| माता | : | ईन्द्रमाया दाहाल |
| पति | : | उमेश वस्ती |
| जन्मस्थान | : | लेटाङ, मोरङ |
| लिङ्ग | : | महिला |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| सम्पर्क नं. | : | ९८४२३६१५३७ |

**शिक्षा**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| प्रवेशिका | श्री शान्ति भगवती मावि, लेटाङ, मोरङ | २०५५ |
| प्रमाणपत्र | श्री सुकुना बहुमुखी क्याम्प, इन्द्रपुर मोरङ | २०६१ |
| स्नातक | श्री जनता बहुमुखी क्याम्पस, इटहरी , सुनसरी | २०६८ |
| स्नातकोत्तर | श्री जनता बहुमुखी क्याम्पस, इटहरी , सुनसरी | २०७० |